म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक ३७ शुक्रबार, २० भदौ २०८२ ने. सं. ११४५ जलाथ्व 5 September 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## बकैयामा करेन्ट लागेर एकजनाको मृत्यु

हेटौंडा, १९ भदौ/मकवानपुरको बकैयामा माछा मार्ने क्रममा करेन्ट लागेर एकजनाको मृत्यु भएको छ । बिहीबार दिउँसो बकैया गाउँपालिका-३ हात्तिसुँडे जीतदमार बस्ने अन्दाजी २४ बर्षीय बिजय थिङको करेन्ट लागेर मृत्यु भएको मकवानपुर प्रहरीले जनाएको छ ।

मृतक थिङ बुबा लालबहादुर थिङसँगै घर नजिकै ट्याँउट्याँउ खोलामा माछा मार्न जादा खोलानजिकै रहेको विद्युतको तारबाट हुक लगाई माछा मार्ने क्रममा करेन्ट लागेको प्रारम्भिक अनुसन्धानबाट खुलेको मकवानपुर प्रहरी प्रवक्ता प्रहरी नायवउपरीक्षक श्यामु अर्यालले जनाएका छन् । करेन्ट लागेर बिरामी भई उपचारको लागि हेटौडा अस्पताल ल्याएकोमा उपचारको क्रममा मृत्यु भएको जनाइएको छ । घटनाको आवश्यक अनुसन्धान भइरहेको जनाइएको छ ।

### १० लाख भन्दामाथिका योजना ठेक्का प्रक्रियामार्फत

## रुख कटानका लागि ४ करोड रुपैयाँ स्रोत सुनिश्चितता

मनिल महतो

हेटौंडा, १९ भदौ/ बागमती प्रदेश सरकारले १० लाख वा १० लाख रुपैयाँभन्दा बढीका योजना ठेक्का प्रक्रियाबाट कार्यान्वयन गर्ने नीतिगत निर्णय गरेको छ ।

बिहिबार बसेको मन्त्री परिषद् बैठकले यो निर्णय गरेको हो । आर्थिक मामिला तथा योजना मन्त्रालयको सिफारिसमा बैठकले यो निर्णय गरेको आर्थिक मामिला तथा योजना मन्त्री एवम् प्रदेश सरकारका प्रवक्ता प्रभात तामाङले जानकारी दिए । उनका अनुसार १० लाख माथिका योजना ठेक्काप्रक्रियाबाट कार्यान्वयन गर्ने मन्त्रिपरिषदबाट निर्णय भएको हो । मन्त्रालयले भदौ १७ गते मन्त्रीस्तरीय निर्णय गरेर मन्त्रिपरिषदबाट अनुमोदनका लागि पठाएको थियो । मन्त्री तामाङले निर्णय तत्काल कार्यान्वयनमा जाने बताए ।

मन्त्री तामाङले आगामी बजेट निर्माणमा मार्गनिर्देशनकारुपमा र धेरै पक्षको मूल्यांकन गरेर यो निर्णय लिएको बताए । यसअघि मुख्यमन्त्री ईन्द्रबहादुर बानियाँले पनि हेटौंडामा भएको निर्माण व्यवसायीको स्वागत कार्यक्रममा १० लाख भन्दा माथिका योजना टेण्डरमार्फत् हुने बताएका थिए । उपभोक्ता समितिमार्फत् काम हुँदा धेरै समस्या भएकोले १० लाख भन्दा माथिका योजना टेण्डरबाट गरिने बताएका थिए । यसैगरी मन्त्रिपरिषद्को बैठकले विभिन्न समिति पनि गठन गरेको छ ।

कृषि तथा पशुपन्क्षी विकासमन्त्री मधुसुदन पौडेलको



संयोजकत्वमा राजनीतिक समिति, आन्तरिक मामिला तथा कानून मन्त्री शिवराज अधिकारीको संयोजकत्वमा प्रशासन तथा विधेयक समिति र सामाजिक विकासमन्त्री कञ्चनचन्द्र वादेको संयोजकत्वमा आर्थिक तथा पूर्वाधार समिति गठन गरिएको प्रवक्ता तामाङले जानकारी दिए । प्रदेशको प्रशासनिक संरचना निर्माणस्थलमा रुख कटानका लागि करिब ४ करोड रुपैयाँको स्रोत सुनिश्चितताको लागि प्रतिबद्धता जनाउने निर्णय भएको छ ।

यसका लागि वन विकास कोषको रकम जम्मा गर्न स्वीकृत प्रदान गरिएको छ । बैठकले सहकारी तथा गरिबी निवारण मन्त्रालयमा खुबीराम अधिकारीलाई सचिवका रुपमा पदस्थापन गर्ने निर्णय गरेको छ । बैठकले दुईवटा विधेयक प्रदेशसभामा पठाउने निर्णय गरेको छ । आर्थिक मामिला तथा योजना मन्त्रालयको प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र खानेपानी उर्जा तथा सिँचाई मन्त्रालयको प्रदेश खानेपानी तथा सरसफाइ स्वच्छतासम्बन्धी व्यवस्था गर्न बनेको विधेयक प्रदेशसभामा पठाउने निर्णय भएको हो ।

बैठकले मुख्यमन्त्री साहसिक तथा संस्कृति संरक्षण प्रवर्द्धन कार्यक्रमअन्तर्गत् भक्तपुरको प्रसिद्ध जिब्रो छेड्ने जात्रामा जिब्रो छेड्ने व्यक्तिलाई प्रोत्साहनस्वरुप प्रदेश सरकारले दुई लाख रुपैयाँ उपलब्ध गराउने निर्णय गरेको छ । संस्कृति तथा पर्यटन मन्त्रालयको प्रस्तावमा जात्रामा जिब्रो छेड्ने व्यक्तिलाई स्वास्थ्य उपचार तथा प्रोत्साहन र कम उपलब्ध गराउने निर्णय गरेको हो । यसअघि मन्त्रीस्तरीय निर्णय गरी जिब्रो छेड्ने परम्पराको निरन्तरताका लागि काम गर्ने व्यक्तिको संख्या कम हुँदै गएको र निकट भविष्यमा यो जात्रा लोप हुन सक्ने खतरा रहेकाले प्रोत्साहन उपलब्ध गराउने निर्णय गरिएको संस्कृति तथा पर्यटन मन्त्री सुरेश श्रेष्ठले जानकारी दिए ।

ऐतिहासिक जात्रालाई लोपोन्मुख सांस्कृतिक सम्पदाको रुपमा संरक्षण गर्न मन्त्रालयले यो निर्णय गरेको उनले बताए । मन्त्रालयको निर्णयअनुसार, भक्तपुरमा वर्षमा २ पटक आयोजना हुने 'येंया पन्हीया मेय् प्वा: खनेगु जात्रा (जिब्रो छेड्ने जात्रा)' मा सहभागी भई जिब्रो छेडाउने व्यक्तिलाई प्रोत्साहन रकम प्रदान गरिनेछ । यो रकम व्यक्तिको स्वास्थ्य उपचार तथा परम्परालाई निरन्तरता दिएबापत प्रोत्साहनका लागि उपलब्ध उनले बताए । जिब्रो छेड्ने व्यक्तिले तीन दिन अघिदेखि केही नखाई व्रतबस्ने गर्दछन् । व्रत बसेदेखि जिब्रो नछेडेसम्म सुत्नसमेत नहुने र जिब्रो छेड्दा पीडा नहोस् भनेर सात दिनअघिदेखि नै नूनसमेत नखाने गरिन्छ ।

व्रत बस्नेले जिब्रो छेड्नुअघि शक्ति प्राप्तहोस् भन्ने कामनासहित विभिन्न देवीदेवताको पूजाआजा गर्ने गरिन्छ । जिब्रो छेड्ने पाँचो गणेशको पाटीमा पुगेपछि जात्राका नकर्मी नाइकेले जिव्रो छेड्ने व्यक्तिको जिव्रो छेडिदिन्छन् । एक महिना अगाडिदेखि तयार पारेर तेलमा डुबाएर राखेको फलामको १० इञ्च लामो सुइरो जिब्रोमा छेड्ने गरिन्छ । त्यसपछि जिव्रो छेड्ने व्यक्तिले महादीप बोकेर एक घण्टा नगरपरिक्रमा गरेर बोडेको महालक्ष्मी मन्दिरमा पुगेर सुइरो झिकेपछि जात्राको समापन हुने गर्दछ । यसपछि मात्र परिवारमा भोज खाने प्रचलन छ ।

## डिजिटल नेपाल बनाउन इम्बोस्ड नम्बर जरुरी: मन्त्री दाहाल

साझाकुरा संवाददाता

हेटौंडा, १९ भदौ/ भौतिक पूर्वाधार तथा यातामन्त्री देवेन्द्र दाहालले डिजिटल नेपाल बनाउन सवारीमा इम्बोस्ड नम्बर जरुरी भएको बताएका छन् ।

प्रतिनिधिसभाको बैठकमा शून्य र विशेष समयमा उठेका सवालको जवाफ दिने क्रममा उनले सवारीमा इम्बोस्ड नम्बरका लागि सम्झौता पहिला नै भइसकेको हुनाले इम्बोस्ड नम्बर जडान गर्नैपर्ने बताए । 'सवारीसाधनमा इम्बोस्ड नम्बर जडान गर्नका लागि तीन पटकसम्म सम्झौता भएको देखिन्छ, वर्तमान सरकारले सम्झौता गरेको होइन । जडान नगर्ने हो भने तीन अर्ब रुपैयाँ सित्तैमा निर्माण कम्पनीलाई दिनुपर्ने हुन्छ' उनले भने । मन्त्री दाहालले पहिला नै सम्झौता गरिएको र कुनै चीज उत्पादन नगरिकन पैसा तिर्नुपर्ने भएकाले वर्तमान सरकारले इम्बोस्ड नम्बर राख्नुपर्ने आवश्यकता परेको बताए । उनले भाषा अंग्रेजीमा हुँदा कुनैपनि फरक नपर्ने स्पष्ट पारे ।

मन्त्रालयले यस प्रक्रियालाई अघि बढाएको जानकारी दिँदै उनले व्यक्ति, निजी वा सरकारी सवारी साधनका लागि अहिलेसम्म ६ लाख




३५ हजार पाँच सय ४५ छपाइ भइसकेको र ८७ हजार ९८९ इम्बोस्ड नम्बर जडान भइसकेको जानकारी दिएका छन् । 'नेपाल सरकारले डिजिटल नेपालको अवधारणालाई आत्मसात् गर्दै सरकारका तर्फबाट प्रवाह हुने सेवाहरु राहदानी, राष्ट्रिय परिचयपत्र, सवारीचालक अनुमतिपत्र, जग्गादर्ता लगायतका क्षेत्रमा गरेको अवस्था छ,-उनले भने, 'सो अनुरुप यातायात क्षेत्रलाई पनि डिजिटल क्षेत्रमा लैजानुपर्ने जरुरी छ, सवारीसाधनमा इम्बोस्ड नम्बर प्लेट जडान गरेपछि देशभरका सवारीसाधनको एकिन विवरण हुनेछ ।'

उनले सवारी इजाजतका बारेमा एकिन विवरण हुने, सवारी साधन चोरी, राजस्व छलीका विषयमा रोक्न पनि सहज हुने र सवारीसाधानमा इम्बोस्ड नम्बर जडान गर्न निर्देशिकासमेत जारी भएको जानकारी गराए । मन्त्री दाहालले सवारीसाधनको पहिचानका लागि संकेत नम्बर प्रविधिको कारण अंग्रेजी भाषामा राख्नुपर्ने हुँदा अन्तरदेशीयरुपमा आवतजावतमा सहयोग पुग्ने बताए ।

### सञ्चारकर्मीसँग प्याब्सनको अन्तरक्रिया

## आफूहरुको उद्देश्य विद्यालय बन्द गर्नु होइन

साझाकुरा संवाददाता

हेटौंडा, १९ भदौ/ आन्दोलनमा रहेका निजी विद्यालय सञ्चालकहरुले बिहीबार हेटौंडामा सञ्चारकर्मीसँग अन्तरक्रिया गरेको छ ।

संघीय संसद्मा प्रस्तुत भएको विद्यालय शिक्षा विधेयक २०८० मा समावेश भएका कतिपय प्रावधानमा असन्तुष्टि जनाउँदै केन्द्रीय सर्कुलरबमोजिम निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन) मकवानपुरले अन्तरक्रिया कार्यक्रम गरेको हो । अन्तरक्रियामा प्याब्सन मकवानपुरका अध्यक्ष विनोद सुवेदीले शिक्षा विधेयकमा समावेश केही प्रावधानले निजीक्षेत्रको अस्तित्व र योगदानमाथि नै प्रश्न उठाएको बताए । विधेयकले असमानजनक व्यवहार गर्ने तथा संस्थागत अस्थिरता सिर्जना गर्ने जोखिम बोकेको हुँदा निजी शैक्षिकक्षेत्र अन्तर्गतका विभिन्न संघसंस्थाहरु एकजुट भई आन्दोलनमा रहेको उनले बताए ।

पछिल्लो समय प्याब्सनको आन्दोलनप्रति गलत भ्रम फैलाउने कोसिस भइरहेको भन्दै उनले असन्तुष्टि व्यक्त गरे । अध्यक्ष



सुवेदीले आफूहरुको उद्देश्य विद्यालय बन्द गरेर विद्यार्थीको भविष्यमाथि खेलबाड गर्नु नरहेको स्पष्ट पारे । प्याब्सन मकवानपुरका सल्लाहकार मदन दाहालले विधेयकमा व्यवस्था भएको पूर्ण छात्रवृत्तिको व्यवस्था, निजी विद्यालयलाई गैरनाफामूलक बनाउने प्रावधानप्रति आफूहरुको असन्तुष्टि भएको बताए । २०५९ सालमा सरकारले बनाएको कानुन अनुसार नै निजी विद्यालयहरु कम्पनीमा गएको उनले बताए । राज्यले नै दिएका सेवा सुविधालाई कानुनविपरीत कटौती गर्न नपाउने उनको धारणा छ ।

राज्यले आपूहरुको लगानी सुनिश्चित गरिदिए निजी विद्यालयहरु राज्यले लिँदा फरक नपर्ने उनले बताए । सल्लाहकार दाहालले सरकारी विद्यालयमा जत्तिकै लगानी निजी विद्यालयका विद्यार्थीलाई गर्ने हो भने छात्रवृत्तिका लागि आफूहरू तयार रहेको बताए । अन्तरक्रियामा वरिष्ठ पत्रकार प्रताप विष्ट, पत्रकार महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारीलगायतको उपस्थिति थियो । प्याब्सनको आन्दोलन कार्यक्रमअन्तर्गत राजनीतिक दलहरुसँग भेटघाट गर्ने, निजी विद्यालयका सञ्चालकलाई काठमाडौँमा केन्द्रित गर्ने लगायत कार्यक्रम रहेको छ ।

भदौ २५ गते देशभरका निजी विद्यालयका सञ्चालक, प्रिन्सिपल, शिक्षक कर्मचारीको अनिवार्य सहभागितामा काठमाडौँमा बृहत आन्दोलन गरिने भएको छ । कार्यक्रममा प्याब्सन, एनप्याब्सन, हिसान, अपेनलगायत निजी विद्यालयका छाता संगठनहरुको सहभागिता थियो ।



साझाकुरा

## हाम्रो कुरा

# सुनगाभा चक्रीय पदमार्ग

मकवानपुरको पर्यटकीय क्षेत्रलाई थोरै व्यवस्थित गरी प्रभावकारी बजारीकरण गर्ने हो भने पर्याप्त सम्भावना देखिन्छ तर, त्यसो हुन सकेको छैन । भर्खरै सीमभन्ज्याङ चक्रीय पदमार्गको सुभारम्भ भएको समाचार आएको छ जुन एकदसक अघिदेखि बहस भएको थियो । तत्कालीन जिल्ला विकास समितिले हेटौंडाबाट अग्रजहरुलाई सीमभन्ज्याङसम्म गाडीमा लगेर त्यहाँबाट फापरबारी हुँदै देउरालीसम्मको पदयात्राको परीक्षण गरेको थियो । त्यस्तै सीमभन्ज्याङबाट सानोमार्खु हुँदै मार्खुस्थित ईन्द्रसरोवर निस्कने पदमार्ग पनि सफल परीक्षण गरिएको थियो । तत्कालीन प्रमुख जिल्ला अधिकारी दिनेश भट्टराई, स्थानीय विकास अधिकारी भुवनप्रकाश बिष्ट, संविधानसभा सदस्य अनन्त पौडेल, पत्रकार महासंघ मकवानपुरका अध्यक्ष भानुभक्त आचार्यलगायत २५ जना भन्दा बढीको टोलीले पदयात्रा गरेका थिए । जिल्ला विकास समितिका सामाजिक विकास अधिकृत रामकृष्ण थापा, पत्रकार प्रताप विष्टलगायत सहभागी भएको यो पदयात्रा टोलीलाई फापरबारीमा स्थानीयले स्वागत गरेका थिए । यही कुरा अहिले इतिहास बनेको छ । नेपाल पर्यटन बोर्डका निर्देशक मणिराज लामिछानेले समग्र मकवानपुरको पर्यटन प्रवर्द्धनमा बोर्डले सहयोग गर्दै आएको बताए । उत्तरी मकवानपुरको पर्यटन प्रवर्द्धनका सवालमा तत्कालीन स्थानीय विकास अधिकारी भुवनप्रकाश विष्टको योगदानलाई भुल्न नहुने बताएका छन् ।

हामीले बिगतमा भएका काम सबै भुल्ने र बर्तमानमा मात्र रमाउने हो भने सामाजिक एकता गुम्दै जानेछ । सन् २०१४ मा नेपालकै पहिलो पर्यटकीय गाउँकारुपमा चित्लाङलाई घोषणा गरेर यसक्षेत्रको प्रवर्द्धनलाई पर्यटन बोर्डले सहयोग पुऱ्याउँदै आएको छ । भुवनप्रकाश विष्ट मकवानपुरको स्थानीय विकास अधिकारी हुँदा पर्यटन प्रवर्द्धनमा धेरै कामको सुरुवात भएको थियो । दामन-सीमभज्याङबाट लालीगुराँस पदमार्ग र सुनगाभा (अर्किड) पदमार्गको त्यतीबेलै परिकल्पना गरी घोषणा गरिएको थियो । मकवानपुरको पर्यटकीय क्षेत्र थाहा नगरपालिकास्थित सीमभञ्ज्याङमा अर्किड ट्रेल (सुनाखरी चक्रीय पदमार्ग) को शुभारम्भ गरिएको समाचार भर्खरै आएको छ । सीमभन्ज्याङमा एक कार्यक्रमको आयोजना गरी बागमती प्रदेशका सांसद तथा पूर्व सामाजिक विकासमन्त्री कुमारी मोक्तानले पदमार्गको शुभारम्भ गरेकी हुन् । सांसद मोक्तानले पदमार्गको नक्शा सार्वजनिक गर्दै पदमार्गको शुभारम्भ गर्दै पदमार्गले उत्तरी मकवानपुरको पर्यटन प्रवर्द्धनमा ठूलो सहयोग पुग्ने बताइन् । उनले धार्मिक साँस्कृतिक, ऐतिहासिक कुराहरु जस्तै पदमार्गले पनि पर्यटन प्रवर्द्धनमा योगदान दिने चर्चा गरिन् । पदमार्गलाई सबैले मिलेर प्रचारप्रसारमा ल्याउनु पर्ने सांसद मोक्तानको भनाइ थियो । कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलानले थाहा नगरपालिका र आसपासको पालिकाहरुको पर्यटन प्रवर्द्धनमा सहयोग गर्दै आएकोमा यसलाई निरन्तरता दिने उल्लेख गरे । गत आर्थिक वर्षमा मात्र पनि पर्यटकीय क्षेत्रको डकुमेन्ट्री तयार गरेर सहयोग पुऱ्याएको प्रमुख घलानको भनाइ थियो । थाहा नगरप्रमुख विष्णुबहादुर विष्टले नगरपालिकाले अन्य क्षेत्रमा जस्तै पर्यटन प्रवर्द्धनलाई विशेष प्राथमिकतामा राखेर काम गर्दै आएको बताए । विष्टले पर्यटन क्षेत्रलाई उद्योगकै रुपमा विकास गर्न आफू सँधै सकारात्मक रहेको बताए ।

यसका लागि संरचनागत विकास र अतिथि सत्कारलगायतको क्षेत्रमा पालिकाले लगानी गर्दै आएको उल्लेख गरे । नगरपालिकाले आन्तरिक पर्यटक भित्र्याउन विविध प्रचारात्मक काम गर्दै आएको उल्लेख गर्दै भारतीय पर्यटक भित्र्याउन 'भीमफेदीको पान्द्राङ-सीमभन्ज्याङ केवल कार' को अवधारणा अघि सारेको सुनाए । कार्यक्रममा पर्यटनविज्ञ हुम गुरुङले पर्यटकका लागि रैथाने परिकारबाट आकर्षित गर्न सकिने बताए । म्याप हाउसका पवन शाक्यले धेरै मिहिनत गरेर 'अर्किड ट्रेल'को परिकल्पना तयार पारेको बताए । उनले १० वर्षको मिहेनतले यो ट्रेलको म्यापिङ गरिएको बताए । तर, यही काम एक दसक अघि जिल्ला विकास समितिको समन्वयमा भएको थियो । बिगतमा गरिएको प्रयासले सार्थकता किन पाएन भन्ने विषयमा खोजी गर्नु जरुरी छ । स्थानीय होटल ब्यवसायीलाई तालिम दिन पर्ने हो कि ? पर्यटकका लागि आवश्यक न्यूनतम सुबिधा नपुगेको हो कि ? यस्ता विषयमा अध्ययन अनुसन्धान जरुरी छ । भारतीय सहर पटनाको चर्को गर्मी छल्न दामन, सीमभन्ज्याङ, अघोर क्षेत्र उपयुक्त मानिन्छ । तर, यो क्षेत्रमा पर्यटकका लागि आवश्यक हसपिटालिटी नभएको भारतीय पर्यटकहरुले गुनासो गरेका छन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ भदौ २१ गते शनिबार ६ सेप्टेम्बर २०२५ । चतुर्दशी, भाद्र कृष्णपक्ष । ञलाथ्व ११४५ ने.सं. । सूर्योदय ५:४५ सूर्यास्त ६:१७ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक सन्तोष हुनेछ | तुला | : अधुरा काम सम्पन्न हुनेछ |
| वृष | : धन प्राप्ति हुनेछ | वृश्चिक | : सवारी साधनबाट क्षति हुन सक्नेछ |
| मिथुन | : व्यापारमा नयाँ योजना बन्नेछ | धनु | : रिसाउने बानीले काम बिग्रनेछ |
| कर्कट | : कठिनाई कम हुनेछ | मकर | : नोकरीबाट असन्तोष बढ्नेछ |
| सिंह | : साथीभाइमा मनमुटाव हुनेछ | कुम्भ | : सोचेर अगाडि बढ्नुपर्ने देखिन्छ |
| कन्या | : नयाँ काम समय देखिन्छ | मीन | : धार्मिक कार्यबाट प्रगति हुनेछ |

# सामाजिक सञ्जालले कानुन नमानेको सरकारी दाबी र तथ्य



✍ गणेश कार्की

सरकारले फेसबुकलगायतका सामाजिक सञ्जाल बन्रुद गर्ने निर्णय गरसँगै आमजनमानसमा तरङ्ग पैदा गरेको छ । सरकार भन्छ, 'सामाजिक सञ्जालले हाम्रा संविधान र कानुन मान्दैनौं भने ।' अर्थात्, हाम्रो राज्यका संस्कार सामाजिक सञ्जालले मानेका छैनन् र सरकार उनीहरूप्रति 'आक्रामक' छ । यो लेख लेखिरहदासम्म देशमा सामाजिक सञ्जाल निर्वाध चलिरहेका छन् । तर सरकारको निर्णपछि केही घण्टापछि भने बन्रुद हुनेछ । त्यपछि भने सञ्रुचार मन्त्रालयमा सूचीकृत भइसकेका सामाजिक सञ्जालहरू मात्रै निरन्तर चल्नेछन् । कानुन मानेका वा 'कानुन मान्न नमाने'काहरू पनि एकैसमान चल्नेछैनन् ।

अथवा सरकार हो, आफूप्रति लक्षित ट्रोलहरूलाई क्रिकेटमा निर्वाध विज्ञापन भइरहेका जुवाखालहरूलाई जस्तै बालै नदिरहेको पनि हुन सक्छ । मुख्य कुरा सरकारले भने जस्तै सामाजिक सञ्जालहरूले नेपालको संविधान र कानुन मान्दै नमानेका हुन् ? त्यस्तो लाग्दैन । मेटा लगायत नेपालमा कर तिरेका छन् । यसरी हेर्दा सरकारले भने जस्तै सामाजिक सञ्जालहरूले नेपालको संविधान र कानुन मान्दै नमानेको अवस्था हो भन्न सकिने अवस्था देखिदैन ।

आर्थिक वर्ष २०८०/८१ मा माइक्रोसफ्ट, गुगल, मेटा, टिकटक, नेटफ्लिक्स, एमेजोन र एप्पल जस्ता सामाजिक सञ्जाल एवं प्रविधि कम्पनीले साढे ४१ करोड कर तिरेको ठूला करदाताको कार्यालयले जनाएको छ । कर तिर्नेहरूको सूचीमामा अहिले बन्द गर्न लागिएका फेसबुक, इन्स्टाग्राम लगायतका कम्पनीहरूको पनि नाम रहेको छ । नेपालमा कर तिर्नु भनेको नेपालको कानुन नमान्नु अर्थ लाग्दैन । यसैले सोलोडोलोमा संविधान र कानुन मानेनन् भन्नु भन्दा कुन-कुन कानुन मानेनन् भन्नु बढी प्रभावकारी हुन्छ ।

सरकारले सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिका, २०८० अनुसार सामाजिक सञ्जालहरूलाई दर्ताकालागि आवहान गरिरहेको छ । दर्ता भएनन् भने यहि निर्देशिका टेरेनन् भन्ने मान्न सकिएला । तर यो निर्देशिकाको खासगरी दफा ४ मा भएका प्रावधानहरूको अमूर्तता र दोहोरो अर्थकाबारेमा नेपालभित्रै पनि विवाद भएको थियो भने दफा ७ को उपदफा क र ख मा भएको पोस्ट पहिचान गरि अस्थायी वा स्थायीरूपमा हटाएर त्यसको जानकारी सरकारलाई दिने भन्नेबारेमा सामाजिक सञ्जाल सहमत हुने सम्भावना न्यून रहन्छ ।

यसको सम्भावना न्यून किन रहन्छ र प्रविधि कम्पनीहरूले कसरी काम गर्छन् भन्नेबारेमा अमेरिकामा भएको एउटा घटना र त्यसमा एप्पल कम्पनीले अपनाएको नीतिबाट केहि प्रस्ट हुन सकिएला । झन्डै एक दशक अगाडि अमेरिकाको क्यालिफोर्निया राज्यको सान बर्नार्डिनो शहरमा भएको गोलीकाण्डमा १४ जनाको मृत्यु भएको थियो । त्यसमा अरू २२ जना घाइते थिए । यो आक्रमण सायद फारुक र उनकी पत्नी तश्फिन मलिकले गरेका थिए ।

घटनापछि प्रहरीले भाग्दाभाग्दै उनीहरूलाई गोली हानेर मारिदियो । मारिएका सायद फारूकबाट एफबीआईले आइफोन हात पाऱ्यो । फोनमा कोड राखिएको भएर एफबीआइले खोल्न सकेन । उसले एप्पललाई आइफोन खोलिदिन आग्रह गऱ्यो ।

एप्पलले जवाफमा लेख्यो, "मिल्दैन ।'

'आतकंवादभन्दा चर्को त मार्केटिङ छ ।' एफबीआइका अधिकारीले एप्पलको जवाफपछि चिन्ता प्रकट गरेका थिए । तर एप्पलले एफबीआईका अधिकारीको भनाइ खारेज गर्दै भन्यो, 'हामीलाई हत्याराहरूप्रति अलिकति पनि सहानुभूति छैन तर यो एकजना व्यक्तिको मोबाइलको कुरामात्रै होइन, यसले नजिर बनाउँनेछ । त्यसपछि दीर्घकालीनरूपमा व्यक्तिगत स्वतन्त्रता धरापमा पर्नेछ ।'

एप्पलको धारणाका बारेमा संसारभर बहस भए । एप्पलले सही गऱ्यो भन्ने र गलत गर्यो भन्नेमा ठूलो संख्यामा मानिसहरू लामो समय बहस गरिरहे । मैले पछ्याएको रेडिटको एउटा थ्रेडमा मात्रै पनि सयौं कमेन्टहरू थिए । रेडिट पनि निकै चलेको सामाजिक सञ्जाल नै त हो । व्यक्तिको गोपनीयता, वैचारिक स्वतन्त्रता र समाजको संस्कारबीचमा सँधै एकमत रहदैन । कतिपय कुराहरूमा त कुन कुरा चाहि मुख्य हो भन्ने छुट्याउन पनि गाह्रो हुन्छ । त्यसलाई छुट्याउने कसले ? सरकारले वा राज्यको कुनै निकायले भनेर भर परिहाल्न सकिदैन । हामीले बाँचिरहेको विश्वमा कतै डार्विनको विकासवाद पढ्दा जेल सजाय हुन सक्छ, कतै डार्विनको विकासवाद व्याख्या गर्न सक्दा विद्वान कहलिन्छ । कतै घाँटी देखिनु अश्लिल हो र कतै बेबीबम ममतामयी ।

कतै पार्कमा बसिरहेका दाजुबहिनी पिटिएका छन् त कतै पार्कमा कपडा नलगाइ साथीसाथी घाम ताप्दै किताब पढ्नु सामान्य दैनिकी हो । कतै फोटोग्राफरले राजाको नाम प्रस्ट नभन्दा अदालतले सजाय दिन्छ र कतै देवीदेउता वा विभिन्न आस्था भएका प्रतीक लाई व्यंग्य गर्नु सिर्जनशीलताकै प्रयोग मानिन्छ । यो विश्वमा शिलल र अश्लिलताको फरक कसले निर्धारण गर्ने ? अपमान र व्यंग्यको परिधि कसले तोक्ने ? सुधारका लागि आलोचना हो कि मृत्युको कामना भनेर कसले छुट्याउने ? प्रश्न हो कि आरोप कसले तोक्ने ? गाह्रो छ । अमूर्त कुराहरूलाई वास्तविक संसारमा ठ्याक्कै सेतो र कालो भनेर छुट्याउन पक्कै पनि गाह्रो छ ।

देशभित्र नै त गाह्रो छ भने काठमाण्डौमा एक क्लिक गर्दा बिरौटा र बेरूत एकैपल्ट पुग्न सक्ने प्रविधि चलाउनेलाई कति गाह्रो होला ? उनीहरूको गाह्रो बुझ्न पर्छ भन्दा अतिराष्ट्रवादको चपेटामा परेर देशभन्दा ति ठुला हुन् र भनेर प्रश्न गर्न सकिएला । तर बुझ्नपर्छ । जुन देशको प्रधानमन्त्रीको वेबसाइट नै विदेशी कम्पनी नेमचिपमा दर्ता भएको छ र त्यो नेमचिप नेपालमा दर्ता भएको छैन भने त्यो देशको प्रधानमन्त्रीले त झन् बुझ्न पर्छ । जानकारीका लागि प्रधानमन्त्री केपी शर्मा ओलीको वेबसाइट केपीशर्माओली डटकम अमेरिकी कम्पनी नेमचिपमा दर्ता भएको छ, ३ वर्ष अगाडिदेखि । त्यसको सीडीएनको व्यवस्थापन पनि अमेरिकी कम्पनी क्लाउडफ्लेयरले गरिरहेको छ । र, प्रधानमन्त्रीको पार्टीको आधिकारिक वेबसाइट पनि ।

एकछिन लोकतन्त्र, विचारको हक सबै कुरालाई छोडिदिउँ । विश्वसँग जोडिनमात्र नभइ प्रतिष्पर्धी हुन पनि हामीलाई अहिले संसारभर चलिरहेका धेरै कुराहरू चाहिन्छन् । सरकारले सामाजिक सञ्जालप्रति आक्रामक गतिबिधि देखाइरहदा दर्ता भएकै टिकटकले पनि नेपालमा सर्भर राख्ने योजनाबाट पछि हटेको समाचार आएको छ । मेटाको पनि त्यहि अवस्था छ । नेपालमा इन्टरनेट महंगिन सक्ने बताइदैछ ।

भर्खरै फेसबुकले नेपालीहरूका लागि नेपालमै बसेर नेपालकै खातामा पैसा आउने बनाइदिएको छ । त्यो भनेको यहाँ नै कमाएर यहाँ नै बाढ्न लागेको होइन । विदेशका कम्पनी जसको लिनुदिनु नै हामीसँग हुदैन, त्यसको विज्ञापन हाम्रामा देखिदा पनि हामीकहाँ नै पैसा आउने हो । फेसबुक, गुगलका बगहरू पत्ता लगाएर बर्षेनी दर्जनौं नेपालीले लाखौं डलर कमाइरहेका छन् ।

सम्भावना असीमित छ । हो, अफ्ठ्याराहरू पनि मनग्गे होलान् । तर ति त्यति भयानक पनि हुँदैनन् । किनभने सामाजिक सञ्जालहरू विश्वव्यापी लोकतान्त्रिक नियमबाट चल्छन्, कम्तिमा सैद्धान्तिकरूपमा । त्योबाट तलमाथि गरे भने यहाँ हामीले गर्ने भन्दा ठुलो कारबाही अन्तराष्ट्रिय रूपमा हुन्छन् । अन्तराष्ट्रिय सन्धी र क्षमतामा हामीलाई विश्वास छ । त्यही भएर त भर्खरै प्रधानमन्त्रीको टोली चीन पुगेर आयो । हामीलाई विश्वसँग प्रतिष्पर्धी भइरहन, सूचना र प्रविधिमा जानकार भइरहन पनि सामाजिक सञ्जालहरू अनिवार्य छन् । प्रविधिलाई हाम्रो घेराले रोकेर यसै पनि रोकिदैन । कुन कुनलाई रोकेर सक्नु र कुन कुन आफुले नै बनाएर सक्नु ? हाम्रो क्षमता भन्दा बाहिरको कुरा भइसक्यो यो । यसको अर्थ हामीले आत्मसमर्पण गर्नु पर्छ भन्ने होइन, हामीले त्यसका लागि अन्तराष्ट्रिय सन्धी र एजेन्सीहरूको सहयोग लिन सक्छौं । एउटा विवादित र अमूर्त निर्देशिकाको आधारमा चर्को चेतावनीबाट होइन, स्पष्ट कानुन र प्रावधानमा टेकेर रणनीतिपुर्वक संवादमार्फत समाधान निकाल्नु पर्छ ।

ती सबैभन्दा पहिले सरकारले आफ्नै नागरिकलाई स्पष्ट भन्न सक्नु पर्छ, सामाजिक सञ्जालहरू नेपालमा आएर के के गरून् र के नगरून् भन्ने सरकारले चाहेको हो ? नागरिकलाई त सरकारले सामाजिक सञ्जाललाई नियमन होइन, प्रयोगकर्तालाई नियन्त्रण गर्न चाहेको भन्ने लागिरहेको छ । त्यो शंका हटाउनुपर्छ । भाषणबाट होइन, विद्युतिय कारोबार ऐनको दुरूपयोग रोकेर तथा सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिका, २०८० को दफा ४ जस्ता बहुअर्थी र अमुर्त दफाहरु स्पष्ट पारेर ।

*(साभार: अनलाइनखबर)*

# सडक र यातायात : नाजुक पूर्वाधार

✍ अच्युतप्रसाद पौडेल "चिन्तन"

विकासका सूचक हाम्रा पूर्वाधारहरु नाजुक अवस्थामा छन् । जे बनेका छन्, पग्लँदै पनि छन् । एकदिन दुई-चार घण्टा शहरमा पानी पर्दा बाटो हराउने र गाउँतिर पर्दा बस्ती हराउने, यो कारुणिक दृश्य छ हाम्रो । ग्वार्कोको जाम ओभरहेड बृजसँगै आसपासतिर सरेको छ । चक्रपथ दोस्रो योजना कता गयो ? थाहै छैन । चितवन-बुटवल सडक वर्षौंदेखि अलपत्र छ र पुन: एक वर्षका लागि म्याद थपिएको छ ।

नेपालको सडक र यातायातको दुरुह अवस्थाको नालिबेली गर्ने यो आलेखको उद्देश्य छ । थानकोटको सुरुङमार्ग चल्न थालेको छैन, वर्षौं भयो त्यो निर्माणाधीन भनिएको छ । अहिले त्यहाँबाट गुड्नका लागि अतिरिक्त पे गर्नुपर्ने र त्यसको भाडा सार्वजनिक भइसकेको छ । काडमाडौं जोड्ने सजिलो घाँटी त्यही छ र त्यसकै घाँटीमा ऐठन हुने भएको छ अब, कति दिनसम्म चल्छ थाहा छैन तर असुली रकमको भार र मार पर्ने उपभोक्तालाई नै हो ।

यता धराहरा बन्यो भनियो, लिफ्टले काम नगर्दा भऱ्याङ चढ्न आपद् आइलागेको छ भने पेट्रोलियम पदार्थ बिक्री गर्ने एकाधिकार प्राप्त आयल निगम मनग्गे राजस्व बुझाएर पनि दैनिक २ करोड नाफामा रहेको छ । ग्राहकबाट असुलेको धनले नाफा देखिने एकाधिकार सरकारी संस्थानमध्येको गतिलो संस्थान हो यो, सेवा गर्ने भनेको अर्को वायु सेवा निगम त नाफामा छैन ।

पुराना गाडीहरुले प्रदूषण गराए, विद्युतीय गाडी आयात भनियो तर निजी साना केही यस्ता गाडी आयात भए, ठूला सार्वजनिक परिवहन जो प्रत्यक्ष आम सरोकारको विषय हो, आउन सकेन । विद्युतीय गाडीहरु विगत ५ वर्षमा दोब्बरले आयात भएको छ । ठूला यस्ता सवारीको लागत बढी र पूर्वाधारको समस्या छ यहाँ, सरकारी नीति छ प्रदूषण कम गर्ने तर यो नीति अन्य नीतिजस्तै फितलो छ, प्रयोगमा आउने गरेको छैन । चीन पुरानो मितेरी मुलुक उसले १०० वटा ठूला प्रदूषणमुक्त विद्युतीय बस दिने भएको छ । यसअघिका ट्रलिबसलगायत पेपर मिल, ईंटा कारखाना, बाँसबारी छालाजुत्तालगायत धेरै उत्पादन र सेवामूलकहरु खेर गए, भनौं लोकतन्त्रले पचायो । लोकतन्त्र हाम्रो भोकाएको बाघजस्तो छ, जति खाए पनि अघाउँदैन र अब ट्राफिक नियम परिवर्तन गर्दै रकम थप असुल्न लागेको छ । आयस्रोत वृद्धि गर्न लोकतन्त्रले सडकबाटै रकम असुल्छ, बाटाघाटा कम, आकार सानो तर लेन नियम वा अन्य धेरै थरीका जरिबाना हान्दै असुली धन्दा चलाएर नपुगी अब जरिबाना रकम नै बढाउन लागेको छ, केही समयअघि मात्रै पनि बढाएकै हो । सवारीधनी, चालकहरु विवश छन्, सानो गल्ती नहुने ठाउँ नै छैन । ६ इन्चको देशमा जसरी ८ इन्चको लोकतन्त्रको संघीयता चलेको छ, त्यस्तै साँघुरा बाटामा सवारीहरु उच्च चापमा छन्, यातायातमा हुनुपर्ने सुविधा छैन । यसो भनौं, यातायातमा सरकारी लगानी छैन, असुल्न सजिलो छ निजीबाट, यसको मार र भार पर्ने जनतालाई हो, उपभोक्तालाई हो ।

जार पानीमा समेत गुणस्तर नहुने देशमा पाइपको पानीमा गुणस्तर खोज्नु नै मूर्खता हुन्छ र उपभोक्ता अदालतले जरिबाना गराए अस्पताल पूरै बन्द हुने देश हो हाम्रो, अन्य खाद्यान्नलगायतका विषयमा विषादीरहित वा प्रदूषणरहित हुने सम्भावना नै देखिएको छैन । काडमाडौं उपत्यकामा दैनिक ९० हजार सवारी कारबाहीमा पर्ने गर्नाले लोकतन्त्र पाल्न उपभोक्ताहरुलाई समस्या परेको छैन र विप्रेषण पनि नेपालीहरुले थुप्रै पठाएका छन् विदेशबाट । युवा विदेशिएर रेमिट्यान्स काम लाग्ने तर तिनको भोट काम नलाग्ने देश हो हाम्रो ।

बिचौलियामार्फत वा नियमपूर्वक चालकहरुले अनुमतिपत्र लिए तर रिन्यु गर्दा थाहा लाग्दै छ- ढड्डामा नजनाइएकाले नवीकरण नहुने भनेर । सधैं बिचौलिया सँगै रहन्न वा नियमपूर्वक नै लिए पनि ढड्डामा जनाइयो कि जनाइएन, चालकले हेर्ने कुरै हुन्न । राजस्व तिरेको बिल, सरकारी छाप छ भनेपछि म्याद सकिएपछि लफडा देखाएर नवीकरण नहुनु भनेको लोकतन्त्र पसल-पसलमा बिक्री भएको भन्दा हुन्छ । साढे ६ सय कस्ट प्राइसको पासपोर्ट नेपालीहरुले १७ हजारसम्म तिरो तिरेर किन्ने गरेका छन्, त्यो पनि संसारमै कम गुणस्तरको, पेट्रोलियम पदार्थ विश्वबजारमा घट्दा यहाँ घट्दैन, घटे पनि आधामात्र ।

त्यसको कस्ट प्राइस र उपभोक्ता मूल्य कति छ, बिचौलिया ऐन सरकारी संस्थानलाई लाग्दैन, जसले गर्दा ढुवानी सेवा महँगो भई तमाम खाद्यान्नलगायतका सामानको भाउ आकाश छुने गरेको छ । छिमेकमा सय कि.मि. ढुवानी दर हेरौं र यहाँ १० कि.मि. बाटोको भाडा वा ढुवानी दर हेरौं, यसै स्पष्ट हुन्छ कि हाम्रा सामानको बजारभाउ त्यसै आकाशिएको होइन । छिमेकीले हाइपर लुप चलायो, उड्ने र गुड्ने उस्तै स्पीड गरायो । सन् १९५० पछिका तमाम कानुनहरुको छरितो विधि व्यवस्थापन गरायो । सन् २०१७ को विश्व बैंकको डुइङ बिजनेस सूचकमा १३० औं स्थान भएकोमा अहिले ७३ औं स्थानमा ओराल्यो । विदेशी लगानीमा कति आकर्षण गरायो, आईएमएफको रिपोर्टमा ऊ अब २०२५ देखि २०३० सम्ममा अमेरिका र चीनको आर्थिक शक्तिमा पुग्ने भएको छ । भनौं, निकट भविष्यमै विश्वको तेस्रो हुने भएको छ ।

जलवायु परिवर्तनसँग गतिलो मुकाबिलाको दक्ष प्रशासन ऊसँग छ, तोकिएको सन् २०७० यतै शून्य कार्बन उत्सर्जनमा पुग्दै छ, ५० प्रतिशत बिजुली गैरजीवास्मबाट उत्पादन गर्दै छ, आरोग्य योजनामा छ, आत्मनिर्भरतातिर जाँदै छ, आफ्नो उत्पादनले त्यत्रो जनसंख्या र कतिलाई फ्रीमा खाद्यान्न वितरण गरेर पनि विकसित राष्ट्रहरुलाई निर्यात गर्ने भएको छ । पूर्वाधारहरु बलिया छन्, सडक यातायातले विकासको छनक दिएका छन् । आर्थिक समृद्धिमा सरकारी प्रतिबद्धता छ । सरकार स्थिर मात्रै होइन, भविष्यको दिगो कार्ययोजना र खाका तयार कार्यान्यनमा पनि अग्रसर छ ।

हामी सडक दुर्घटना हटाउन नसक्ने, भएका दुर्घटना केलाएर बस्ने भएका छौं । सडक दुर्घटना नभएको दिन छैन, रात छैन, हिउँद छैन, वर्षा छैन । वर्षाको समय २ महिना तर वैशाखदेखि श्रावणसम्मको हालैको तथ्यांकमा विपद्का घटनाबाट ११२ को मृत्यु, २२ बेपत्ता, ५७९ घाइते, ५ हजार परिवार प्रभावित भनिएको छ, सरकारी आँकडामै । मेलम्ची, दाउन्ने, रसुवागढी, त्रिशूली, बीपी राजमार्ग, पूर्व-पश्चिम राजमार्ग लगायतका बाटाघाटाहरु सधैं अस्तव्यस्त छन् हाम्रा । देशको भूगोल र जनसंख्याको आकार सानो तर बाढीपहिरो, दुर्घटनाको आकृति एवं आकार विषम र डरलाग्दो छ । मौसम पूर्वसूचना प्रणाली र उद्धार-राहतको काम त नजाने दैवले के गर्छ, त्यो हेर्ने मात्रै भएका छौं हामी ।

विद्यालयहरु वस्तु बिक्री गर्ने, अस्पतालहरु क्रोध बिकी गर्ने तर सेवा दिन नसक्ने, पालिकाहरु सबैभन्दा बढी राजस्व लिने र खर्च गर्ने अनि व्यापक बेरुजु राख्ने, प्रदेश सरकार बन्ने र भत्कने, केन्द्र सरकार चुरे दोहन गर्दै ढुंगा-गिट्टी निर्यातको बजेट ल्याउने, बालुवाटार, सिंहदरबार कुलिङ पिरियडमा अल्मलिने, निजामती ऐन, शिक्षा ऐन ल्याए आफैंले चलखेल गर्न नपाउने भन्दै थाँती राख्ने, धारामा पानी नआउने, घरजग्गा नामसारीमा मूल्य जति नै सरकारी रकम तिर्नुपर्ने, बैंकहरुमा लगानी रकम हुँदा राष्ट्रबैंकले दैनिक अर्बौंअर्ब रकम तान्नुपर्ने, बैंकमा बचतकर्ताहरुको ब्याज नहुने, सरकारी कार्यालयको सेवा भनेको बेला नपाइने, त्यत्तिकै निजी कम्पनीजस्तो गरी प्रशासनिक संयन्त्रहरु चलिरहने यावत दुस्वप्नहरु हाम्रो लोकतन्त्रका आदर्श, गहना र मुहार भएका छन् ।

पकेटम्यानहरु भिसी, राजदूत हुँदा योग्य व्यक्ति निराश भई विदेशबाटै राजीनामा पठाउनेलगायतको सुन्दर पक्ष बोकेको छ हाम्रो लोकतन्त्रले । तैपनि सकारात्मक छ सूचक, देश बन्दै छ भनिदिनुपर्ने, भनिएन भने लोकतन्त्रप्रतिको निराशा छाउने काम भयो भनिने, लोकतन्त्रको आक्रमण भयो भन्ने नेतृत्व छ हामीसँग । जसले आफ्नो शैक्षिक योग्यता केवल भुटान वा मलेसियामा हुने गरेको देख्छ र यहाँ आवश्यक ठान्दैन, उसले नीति र नेतृत्व जिम्मा लिएको छ । देशले सबै वस्तु आयात गर्छ, मान्छे निर्यात गर्छ र अरु देशबाट आयात गरेको कच्चा तेल निर्यात गरेर निर्यात अंक बढाएकोमा गौरव गरिरहेको छ । ईपीएस कोरियामा चालू वर्षका लागि भाषा आवेदन खुलेकै दिन १ लाख २० हजारले आवेदन दिँदा खुशी मान्ने लोकतन्त्र छ हामीसँग ।

आर्थिक र सामाजिक क्षेत्रको रुपान्तरणमा सडक यातायातको अहं भूमिका रहन्छ । स्थानीय स्तरका उत्पादन र उत्पादकत्व बढाई जनतालाई अत्यावश्यक खाद्यान्न उपलब्धताको अवसर दिलाउन, हाल भइरहेको आहार प्रणालीमा परिवतन गर्ने/गराउने बानी बसाल्न, खाद्यान्न पर निर्भरता घटाउन पनि सडक यातायातको अहं भूमिका हुन्छ । नेपालमा सडक यातायातको इतिहास लामो छैन । काठमाडौं-हेटौंडा जोड्ने त्रिभुवन राजपथको निर्माणपछि काठमाडौंमा सवारी साधनले ठाउँ पाएको हो ।

मुलुकका ७७ जिल्लामध्ये डोल्पाको दुनै र हुम्लाको सिमिकोटमा सवारी सुविधा अझै राम्ररी पुग्न सकेको छैन, उद्घाटन मात्रैको प्रगति देखाउँछौं हामी । धेरै ठूलो प्रयास र प्रतीक्षापछि जाजरकोटबाट डोल्पाको दुनैसम्म राष्ट्रिय सञ्जालले जोड्नसम्म सकिएको हो, चिल्ला सवारी साधनको सुविधा त धेरै टाढाको विषय छ त्यहाँ । त्यहाँ मात्र होइन, सबैतिर यस्तै दुर्दशा छ । आम नेपालीका आँखा रसाउने गरी भइरहेका सडक दुर्घटनाहरुले हाम्रो यातायात सुरक्षित र भरपर्दो नभएको स्पष्ट छ । दुर्गम पहाडी क्षेत्रमा सडक यातायात वृद्धिसँगै कहाली लाग्दा दुर्घटनाहरु बढेका छन् । व्यवस्थित भनिएको राजधानी पनि सार्वजनिक यातायातबाट सुरक्षित छैन ।

नेपालमा सडक यातायातको इतिहास खोज्दा वि.सं. १९५८ मा पहिलोपटक राणा प्रधानमन्त्री श्री ३ वीर शमशेरको पालामा राजधानीमा कारबाट परिवहन सेवाको आरम्भ भएको हो । शुरु-शुरुमा राजा एवं प्राइम मिनिस्टरलाई बग्गीमा राखी सवारी चलाइन्थ्यो । पछि काठमाडौं-हेटौंडा जोड्ने त्रिभुवन राजपथको निर्माण भएर काठमाडौंमा सवारीसाधनले ठाउँ पाएको हो । आम दुर्घटनाले हाम्रो यातायात सुरक्षित र भरपर्दो नभएको स्पष्ट छ । व्यवस्थित भनिएको राजधानी पनि सार्वजनिक यातायातबाट सुरक्षित छैन ।

*(साभार: न्यूज अफ नेपाल)*

# यस्ता छन् सामाजिक सञ्जाल बन्द गर्ने सरकारी निर्णयका पृष्ठभूमि र असर

काठमाडौं/फेसबुक, एक्सलगायत सामाजिक सञ्जालहरु नेपालमा दर्ता गर्ने भन्दै सरकारले अन्तिम पटक दिएको म्याद सकिँदा ती सञ्जालका सञ्चालकहरु सरकारको सम्पर्कमा आएनन् ।




९ भदौको मन्त्रिपरिषद् बैठकले एक साताभित्र सामाजिक सञ्जाल सञ्चालकलाई सूचना तथा सञ्चार प्रविधि मन्त्रालयमा दर्ता हुन आह्वान गर्ने र त्यसरी दर्ता हुन नआउनेलाई नेपालमा निस्क्रिय गर्दै जाने निर्णय गरेको थियो । सर्वोच्च अदालतको बुधबारको परमादेशले सरकारलाई दर्ता हुन नआएका सामाजिक सञ्जाल बन्द गर्न बाटो खुलेको थियो ।

१२ भदौमा सूचना तथा सञ्चार प्रविधि मन्त्रालयले सामाजिक सञ्जालहरुलाई नेपालमा सम्पर्क बिन्दु, आवासीय गुनासो व्यवस्थापन अधिकृत र स्वनियमनका लागि नियम परिपालना भए नभएको अनुगमन गर्ने अधिकारी तोक्दै नेपालमा दर्ता हुन आह्वान गरेको थियो । त्यसको म्याद बुधबार सकिएसँगै बिहीबार सरकारले नेपाल दूरसन्चार प्राधिकरणलाई दर्ता हुन नआएका सन्जाल बन्द गर्न पत्र लेख्यो ।

यसपछि अब यी सामाजिक सञ्जालको भविष्य के होला भन्ने अन्योल छाएको छ । नेपाल राज्यभित्र आफ्ना सञ्जाल चलाउँदा यहाँको प्रचलित नियम, कानुन, कार्यविधि मान्नुपर्ने अनिवार्यता ती सञ्जाललाई छँदैछ । साथै सरकारले सामाजिक सञ्जालहरुलाई नेपालमा दर्ता गराई नियमन गर्न खोजेको देखिए पनि त्यस सम्बन्धी कानूनी व्यवस्था नै नगरी कार्यविधिका आधारमा मात्रै दर्ताका लागि दबाब दिँदा अभिव्यक्ति स्वतन्त्रतामाथि जोखिम हुन सक्ने आशंका सरोकारवालाहरुले गरेका छन् ।

सूचना प्रविधिविज्ञ राजीव सुब्बा भन्छन्, 'नेपाल सार्वभौम राज्य हो, आफ्नो कानुन पालना गर्नुपर्ने अधिकार उसको हो । तर नीतिगत निर्णयमा हतार नगरी दूरगामी असर हेर्नुपर्छ ।'

सरकारले विद्युतीय कारोबार ऐनको दफा ७९ अनुसार बनाएको सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने निर्देशका २०८० मा सामाजिक सञ्जालहरु नेपालमा सूचीकरण हुनुपर्ने मात्रै होइन, सामाजिक सञ्जालमा दिएको अभिव्यक्तिका आधारमा प्रयोगकर्तालाई फौजदारी अभियोगमा कारबाहीसमेत गर्नसक्ने व्यवस्था समेटेको छ ।

संसद्ले विद्युतीय माध्यमबाट हुने कारोबार तथा अभिलेखलाई व्यवस्थित गर्न भनेर विद्युतीय कारोबार ऐन २०६३ बनाएको थियो । त्यो ऐनको दफा ४७ को दुरुपयोग गरी सरकारले यसअघिदेखि नै प्रेस स्वतन्त्रता र सामाजिक सञ्जालमा हुने अभिव्यक्ति स्वतन्त्रतालाई संकुचित गराउन खोजेको छ । त्यो कानून बन्दा संसार मै सामाजिक सञ्जाल भन्ने कुनै चिज नै थिएनन् ।

सोही ऐनको दुरुपयोग गरी बनाएको सामाजिक सञ्जाल सम्बन्धी निर्देशिकाले सञ्जालका सञ्चालक र प्रयोगकर्ता दुवैलाई कस्ने प्रावधानहरु राखिएका छन् ।

यसअघि पनि १२ चैत २०८१ मा सरकारले एक सूचना जारी गर्दै कार्यविधिअनुसार सञ्चार मन्त्रालयमा सूचीकृत हुन सबै सामाजिक सञ्जालहरुलाई निर्देशन दिएको थियो । त्यसरी दर्ता नगरे उनीहरुलाई नेपालमा सञ्चालनमा प्रतिबन्ध लगाइने चेतावनी पनि सूचना तथा सञ्चार प्रविधि मन्त्रालयले दिएको थियो ।

नेपालमा सामाजिक सञ्जाल नियमन सम्बन्धी विधेयक संसद्मा विचाराधीन छ । सो कानून पारित गरेर सामाजिक सञ्जाललाई नियमन गर्नुपर्नेमा असम्बन्धित कानूनका आधारमा नियमन गर्न खोजिएको नेपाल दूरसञ्चार प्राधिकरणका पूर्व वरिष्ठ निर्देशक तथा सूचना प्रविधिविज्ञ आनन्दराज खनाल बताउँछन् ।

'२०६३ सालमा विद्युतीय कारोबार ऐन बनेको हो, त्यसबेला सामाजिक सञ्जाल भन्ने नै थिएन । त्यस्तो बेला बनेको कानूनमा टेकेर कार्यविधि बनाउनु नै गलत भयो,' उनले भने ।

नेपालमा मात्रै होइन, संसारभरि नै सामाजिक सञ्जाल जीवनशैली र सञ्चारको प्रमुख माध्यम बनेका छन् । गाउँमा भएका निरक्षर आमाबुवाले आफ्ना सन्तानको फोटो हेरेर मेसेन्जरमा वा ह्वाट्सएपमा फोन गर्छन् । यी सञ्जाल बन्द भए भने यस्ता नागरिकको सञ्चार सम्पर्क नै बन्द हुनेछ ।

अर्कोतिर, सरकार स्वयंले आफ्नो सञ्चार र सम्पर्कको प्रमुख माध्यम यस्ता सञ्जालहरुलाई बनाएको छ । सरकारी कामकाजका लागि जिमेल लगायत थर्डपार्टी इमेलको प्रयोग पनि व्यापक मात्रामा छन् । यस्तो अवस्थामा सामाजिक सञ्जाल बन्द गर्दा सरकार आफैं सम्पर्कविहीन हुने जोखिम रहेको एक आईटी विज्ञ बताउँछन् ।

सरकारले पटकपटक सूचना जारी गर्दै तथा मन्त्रिपरिषद्बाटै निर्णय गरेर सामाजिक सञ्जाल दर्ता गर्न आउन भने पनि कुनै पनि नयाँ सामाजिक सञ्जाल सूचीकृत हुन नआएपछि सरकारको आगामी कदम के हुन्छ भन्ने मानिसहरुको चासो छ । यो मामलामा साँच्चै के भएको हो केही बुँदाहरुमा हेरौं:

### १. सामाजिक सञ्जालको "कन्टेन्ट" लाई कार्यविधिको परिभाषा के छ ?

सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने निर्देशका २०८० मा सामाजिक सञ्जालका प्लेटफर्महरुलाई सूचीकृत हुन मात्रै भनेको छैन, जनताले सामाजिक सञ्जालहरुमा के गर्न हुने, के गर्न नहुने भन्ने लामो सूचीसमेत बनाएको छ । यो कार्यविधिले गर्न नहुने भनेका काम गरे सुरक्षित कारोबार ऐन अन्तर्गत फौजदारी (सरकारवादी) अभियोगमा मुद्दा चलाउन र कैदसमेत सजाय गर्न सकिने व्यवस्था छ ।

सामाजिक सञ्जालमा सरकारले तोकेका कुराहरु लेख्न नपाइने, बेनामी वा छद्मवेशी पहिचान सिर्जना गर्न नहुने, त्यसमार्फत कन्टेन्ट उत्पादन गरी सेयर गर्ने वा अरूको विषयवस्तु (कन्टेन्ट) सेयर गर्ने वा टिप्पणी (कमेन्ट) गर्ने वा कल गर्ने काम सामाजिक सञ्जाल प्रयोगकर्ताले गर्न नहुने व्यवस्था कार्यविधिमा छ ।

सरकारले तोकेअनुसार को वैयक्तिक गोपनीयता भङ्ग गर्नेलगायत काम पनि गर्न नपाइने व्यवस्था कार्यविधिमा छ । मिथ्या सूचना, भ्रामक सूचना, दुष्प्रचार, सूचना तोडमरोड गरी प्रकाशन वा प्रसारण गर्ने काम पनि सामाजिक सञ्जालमा गर्न नपाइने व्यवस्था कार्यविधिमा गरिएको छ ।

विद्युतीय कारोबार ऐनको दफा ४७ मा यस्तो काम गरे एक लाख रुपैयाँसम्म जरिबाना वा पाँच वर्षसम्म कैद वा दुवै सजाय हुनेछ । अन्य व्यक्तिले गरेको कुरा सामाजिक सञ्जाल प्रयोगकर्ताले जानाजानी सेयर, लाइक, रिपोस्ट, लाइभ ब्रोडकास्ट, ट्याग, मेन्सन, सब्सक्राइब र कमेन्ट गर्ने लगायतका कार्य गरे पनि यस्तै सजाय हुने गरी कार्यविधि बनाइएको छ ।

यस ऐन बमोजिम कसूर ठहर्ने मुद्दा नेपाल सरकार वादी भई चल्ने व्यवस्था दफा ७५ मा छ । सरकारले यसअघि पनि सामाजिक सञ्जालमा लेखेकै आधारमा फौजदारी मुद्दा चलाएका प्रशस्त उदाहरण छन् । त्यति मात्रै होइन, मिडियामा प्रकाशित सामग्री सामाजिक सञ्जालमा सेयर गर्दा पनि दण्डित गरेको उदाहरण पनि छन् । यसरी सामाजिक सञ्जालमा लेखेकै आधारमा फौजदारी अभियोगमा मुद्दा चलाउने कार्यविधि गलत भएको नेपाल दूरसञ्चार प्राधिकरणका पूर्व वरिष्ठ निर्देशक खनाल बताउँछन् ।

सञ्चारमन्त्री पृथ्वी सुब्बा गुरुङको अभिव्यक्तिले पनि सरकारको नियतलाई स्पष्ट पार्छ । उनले पटकपटक भन्ने गरेका छन्, 'सामाजिक सञ्जालको कन्टेन्टले हाम्रो राष्ट्रिय स्वाधीनता विरुद्धमा बोल्यो भने समाजमा ठूलो प्रभाव पार्न सक्छ । त्यसैले तिनीहरुको नियमन हुनुपर्छ ।'

तर, सामाजिक सञ्जालमा गरिने यस्ता प्रतिबन्धात्मक कदमहरूले सूचनाको हक र अभिव्यक्ति स्वतन्त्रताको दायरामा प्रतिकूल प्रभाव पार्दै प्रभावकारी लोकतन्त्रका आधार भूत मान्यतामा दीर्घकालीन नकारात्मक असर पार्ने डिजिटल अधिकार र स्वतन्त्रतामा काम गर्ने विभिन्न ११ नागरिक संस्थाहरुको सञ्जाल डिजिटल फ्रिडम कोलिसनले आग्रह गरेको छ । यसअघि वैशाखमा सरकारले यस्तै तयारी गर्दा उनीहरुले विज्ञप्ति निकालेर विरोध गरेका थिए ।

'यस्ता नियन्त्रणहरूले सञ्चार माध्यमहरुको दिगोपनलाई पनि खतरामा पार्छ, पत्रकारहरूलाई स्वतन्त्र रूपमा रिपोर्ट गर्न गाह्रो बनाउँछ र सेन्सरशिपको जोखिम बढाउँछ,' कोलिसनले जनाएको छ ।

### २. नेपालको कर प्रणालीमा समेटिएका छन् सामाजिक सञ्जालहरु

सञ्चारमन्त्री पृथ्वी सुब्बा गुरुङले फेसबुक, मेसेन्जर, इन्स्ट्राग्रामलगायत नेपालमा दर्ता नभएको र कर नतिरेको दाबी गरेका छन् । तर, फेसबुक, युटुबलगायत सामाजिक सञ्जालहरुले नेपालमा दर्ता भएर डिजिटल सर्भिस ट्याक्स र मूल्य अभिवृद्धि कर तिर रहेका छन् । गुगल, मेटा, माइक्रोसफ्ट, अमेजन, लिंक्डइन, नेटफ्लिक्स, पिअर्सनलगायत विभिन्न २० भन्दा बढी अन्तर्राष्ट्रिय कम्पनीहरु आन्तरिक राजस्व विभागअन्तर्गतको ठूला करदाता कार्यालयमा दर्ता भएर कर तिरिरहेको आन्तरिक राजस्व विभागले जनाएको छ ।

विभिन्न बहुराष्ट्रिय कम्पनीहरुसँग काम गरिरहेका चार्टर्ड एकाउन्टेन्ट दुर्गा ज्ञवालीका अनुसार उनीहरुले नेपालमा दर्ता डिजिटल सेवा कर र मूल्य अभिवृद्धि कर तिरिरहेका छन् । विगतमा डिजिटल सेवा कर तिरेपछि आयकर तिर्नुपर्दैन भनिएकोमा गत वर्षको बजेटले यस्तो कारोबार गर्नेहरुको पनि नेपालमा स्थायी संरचना हुने भन्दै आयकर पनि तिर्नुपर्ने प्रावधान ल्याएको उनले बताए । 'बजेटको यो व्यवस्था कार्यान्वयनमा समस्या भइरहेको छ । तर, त्यस्ता कम्पनीहरुले दुई किसिमका कर तिरि रहेका छन्,' ज्ञवालीले भने ।

नेपालमा सामाजिक सञ्जालहरुलाई आयकर तिराउने हो भने यो प्रावधानलाई स्पष्ट पारेर त्यसअनुसार करको दायरामा ल्याउन सक्ने विकल्प पनि देखिन्छ ।

अर्कोतिर, मेटाले नेपालमा आफ्नो विक्री एजेन्टका रुपमा 'एचटीटीपी पुल' नामक कम्पनीलाई नियुक्त गरी वैधानिक रुपमा विज्ञापनको कारोबार पनि थालेको थियो । तर, नेपालमा विज्ञापनबापत उठेको पैसा मेटालाई पठाउन सर कारले नै सहजीकरण नगरिदिएको देखिएको छ ।

एचटीटीपी पुलले नेपालबाट विज्ञापन प्रकाशित गरेबापत पैसा पठाउन खोज्दा विज्ञापन बोर्डले अनुमति नदिएको देखिएको हो । एचटीटीपी पुलले एकपटक ६ हजार डलर र अर्कोपटक २२ हजार डलर रकम मेटालाई पठाउन भन्दै बोर्डसमक्ष अनुमति पाएको थियो ।

'विज्ञापनबापतको रकम मेटालाई पठाउन अनुमति दिनुपर्‍यो भनेर एचटीटीपी पुल हामीकहाँ आएको थियो । तर, सामाजिक सञ्जालसम्बन्धी कानून नै नभएका कारण हामीले अनुमति दिन सकेनौं,' विज्ञापन बोर्डका अध्यक्ष लक्ष्मण हुमागाईंले भने ।

यसरी नेपालमा विज्ञापन बापत पैसा मेटालाई पठाउन नपाएपछि यी दुई कम्पनीबीचको सम्झौता पनि तोडिएको एक जानकार स्रोतले संचारकर्मीलाई बतायो ।

### ३. प्रहरीले सूचना माग्दा नदिएकाले यस्तो गरेको हो ?

यो मामलामा जानकार स्रोतका अनुसार नेपाली नागरिकको गोप्य डेटा नेपाल प्रहरीले माग्ने बित्तिकै नदिएको वा सरकारले भनेबित्तिकै नहटाइदिएको झोंक फेर्न खोजेको देखिन्छ ।

अदालतको आदेश अनुसार सूचना माग्दा सामाजिक सञ्जालहरुले उपलब्ध गराउने भए पनि नेपाल प्रहरी वा सरकारका प्रशासनिक निकायहरुले मागेकै भरमा सूचना नदिने गरेको प्राधिकरणका पूर्ववरिष्ठ निर्देशक खनाल बताउँछन् ।

'सरकारले आफ्नो आलोचनामा कसैले सामाजिक सञ्जालमा पोस्ट गर्‍यो भने हटाइहाल भनेर पत्र लेख्दैमा, वा सामाजिक सञ्जालमा कुनै व्यक्तिका गोप्य सूचना उपलब्ध गरा भनेर प्रहरीले पत्र लेख्दैमा उनीहरुले त्यो गर्दैनन्,' उनले भने, 'अर्थात् न्यायपालिकाले मागेको सूचना दिन्छन्, कार्यकारीले मागेको दिन्नन्, दिनु पनि हुँदैन ।'

साइबर अपराधसँग सम्बन्धित डेटा प्रमाण संकलनका लागि महत्वपूर्ण हुने भएकाले त्यस्तो सूचना वा जानकारी उपलब्ध गराउन वा समन्वयका लागि सामाजिक सञ्जालहरुले छुट्टै च्यानल नै बनाउने गरेको उनी बताउँछन् ।

'नेपालमा कुनै कम्पनीमा गएर प्रहरीले अदालतको आदेशबिना नै कम्प्युटरको हार्डडिस्क उठाएर हिँडेजस्तो गर्न पाइएन भनेर सामाजिक सञ्जाललाई असान्दर्भिक कानून लगाउन मिल्दैन,' उनी भन्छन् ।

यो मामलामा जानकार एक कानून व्यवसायीका अनुसार अन्तर्राष्ट्रिय रुपमा कुनै कसुरलाई देवानी मानिन्छ तर नेपालमा त्यो फौजदारी कानूनअन्तर्गत छ भने त्यस्ता विषयहरुमा सामाजिक सञ्जालले सूचना दिँदैनन् ।

त्यस्तै, कुनै व्यक्तिको गोपनीयता भंग हुने किसिमका सूचना पनि उनीहरुले दिँदैनन् । तर, नेपालको प्रहरी र प्रशासनले त्यस्तो प्रक्रियामा गएर कहाँ साध्य हुन्छ भन्ने गरेको उनको अनुभव छ ।

सूचना तथा सञ्जार प्रविधि मन्त्रालयका प्रवक्ता गजेन्द्रकुमार ठाकुर सामाजिक सञ्जालहरुले अदालतले दिएको आदेशअनुसार पनि डेटा उपलब्ध नगराएको दाबी गर्छन् ।

### ४. सामाजिक सञ्जालहरु भन्छन् : सम्पर्कमै छौं

सञ्चारमन्त्री गुरुङले सामाजिक सञ्जालहरु सरकारको सम्पर्कमै नआएको वा उनीहरुले नटेरेको बताएका छन् । तर, उनको त्यो भनाइमा सत्यता नभएको सम्बन्धितहरु दाबी गर्छन् ।

सरकारले ११ मंसिर २०८० मा यो निर्देशिका ल्याएलगत्तै मेटा, एप्पल, गुगल, अमेजन, याहु, एक्सलगायत सदस्य भएको एसिया इन्टरनेट कोलिसनले तत्कालीन सञ्जारमन्त्री रेखा शर्मालाई पत्र लेख्दै 'डिजिटल स्पेसको जिम्मेवार प्रयोग सुनिश्चित गर्न सामाजिक सञ्जालको नियमन महत्वपूर्ण भए पनि सरकारको ल्याएको निर्देशिका विश्वव्यापी उत्कृष्ट अभ्यासको विरुद्ध'मा भएको जनाएको थियो ।

५ डिसेम्बर २०२३ मा सरकारलाई उसले लेखेको पत्रमा सहभागितामूलक छलफलका माध्यमबाट कार्यविधिलाई सुधार गर्न आग्रह गरिएको छ ।

त्यस्तै, कार्यविधिको दफा ८ मा सरकारले सामाजिक सञ्जालमा राख्न नहुने भनेर तोकिएका कन्टेन्ट २४ घन्टाभित्र हटाउने प्रावधान छ । 'यस्तो कडा प्रावधानले कार्यान्वयन गर्न उचित प्रक्रिया पूरा गर्न सकिँदैन, जसले सामाजिक सञ्जाल प्लाटफर्महरूलाई अभिव्यक्तिको स्वतन्त्रताको मौलिक सिद्धान्तअनुसार समुचित समीक्षा गर्न कठिन बनाउँछ,' कोलिसनले भनेको थियो ।

कोलिसनले ८ फेब्रुअरी २०२४ मा मन्त्रालयलाई पुनः पत्र लेखी सामाजिक सञ्जाल सञ्चालन तथा नियमन विधेयकमा पनि सुझाव उपलब्ध गराएको थियो ।

लगत्तै १२ मार्च २०२४ मा कोलिसनले सरकारलाई पत्र लेख्दै विधेयक संसदबाट पारित नभएसम्म सामाजिक सञ्जालको दर्ता रोक्न अनुरोध गरेको थियो । सो निवेदनमा अहिलेकै अवस्थामा निर्देशिका कार्यान्वयन गर्न असम्भव बन्ने र त्यसले नेपालको डिजिटल अर्थतन्त्रको सम्भावित वृद्धिलाई असर गर्ने उल्लेख गरिएको छ।

सरकारले विद्युतीय कारोबार ऐन २०६३ ले प्रदान गरेको अधिकारभन्दा बाहिर (अल्ट्रा भाइरिस) गएर यो निर्देशिका बनाएको पनि कोलिसनले उल्लेख गरेको थियो ।

निर्देशिकामा भएका व्यवस्थाहरुले मानव अधिकारप्रति चिन्ता बढाउने उसले जनाएको छ । 'अवैध सामग्रीका श्रेणीहरूको अस्पष्ट र व्यापक परिभाषा, स्पष्ट परिभाषाको अभाव, अग्रसक्रिय निगरानीको दायित्व, सामग्री हटाउन तोकिएको निश्चित समयसीमा, साथै सामाजिक सञ्जालमा पोस्ट भएका कन्टेन्ट हटाउने आवश्यक प्रक्रियागत मापदण्डको अभाव लगायत समस्या छन्, जसले सामाजिक सञ्जालसञ्चालन र व्यवस्थापनमा गम्भीर चुनौतीहरू सिर्जना गरेका छन्,' पत्रमा उल्लेख छ ।

यसका साथै, पृथ्वी सुब्बा गुरुङ मन्त्री भइसकेपछि पनि मेटाका प्रतिनिधिले मन्त्रीसँगै कुरा गर्दा पनि सरकारले सामाजिक सञ्जालहरुको चासो सम्बोधन नगरेको एक स्रोतले संचारकर्मीसँग दाबी गर्‍यो ।

### गुम्नसक्छ अर्बौंको व्यवसाय

यसअघि टिकटक पाँच महिना बन्द हुँदा एनसेल र नेपाल टेलिकमको मात्रै साढे ३ अर्बको आम्दानी गुमेको सेवा प्रदायकहरुले बताएका थिए । ब्यान्डविथ खपत घट्दा त्यो आम्दानी गुमेको उनीहरुको भनाइ थियो ।

टिकटकमा कन्टेन्ट बनाएर हुने आम्दानी र त्यसमा आधारित व्यवसायमा पुगेको क्षतिको कुनै अध्ययन भएन । तर, त्यो अर्बौंको हुनसक्ने अनुमान गर्न सकिन्छ ।

यसपटक सरकारले प्रमुख सामाजिक सञ्जालहरु फेसबुक, इन्स्टाग्राम, युटुब, मेसेन्जर, ह्वाट्सएप, एक्सलगायतलाई बन्द गर्ने तयारी गरिरहेको छ ।

यस्ता सामाजिक सञ्जालमा कन्टेन्ट बनाएर आम्दानी गरिरहेका हजारौं नेपाली छन् । अर्कातिर, यस्ता सञ्जालका माध्यमबाट ठूलो व्यवसाय गर्नेको संख्या पनि लाखौंको छ । यी एउटा टिकटक बन्द हुँदा त्यति ठूलो आर्थिक क्षति राज्य र प्रयोगकर्तालाई भयो भने साराका सारा सञ्जालहरु एकैपटक बन्द हुँदा त्यसबाट कति ठूलो आर्थिक क्षति होला भन्ने पूर्वानुमान सरकारले गर्न नसकेको एक आईटी विज्ञले संचारकर्मीलाई बताए ।

*(स्रोत: अनलाइनखबर)*

# सोरठी नाचसहित 'रिमै'को प्रिमियर, मनछुने फिल्म बनेको प्रतिक्रिया



काठमाडौं/यही शुक्रबारबाट प्रदर्शन हुन लागेको फिल्म 'रिमै'ले प्रिमियरमा सकारात्मक प्रतिक्रिया बटुलेको छ । बुधबार साँझ काठमाडौंको रञ्जना सिनेप्लेक्समा आयोजित प्रिमियरमा उपस्थित सेलिब्रेटीहरूले फिल्मको कथावस्तु र कलाकारहरूको अभिनयको खुलेर प्रशंसा गरे । प्रिमियरमा गुरुङ समुदायको सांस्कृतिक पहिचान झल्काउने सोरठी नाच समेत प्रस्तुत गरिएको थियो ।

अभिनेता तथा निर्देशक विल्सन विक्रम राईले 'रिमै' मनछुने फिल्म बनेको बताए । यो हालसम्म गुरुङ समुदायमाथि बनेको उत्कृष्ट फिल्म रहेको उनको दाबी छ । 'रिमै'मा महत्त्वपूर्ण भूमिकामा अभिनय गरेका कलाकार माओत्से गुरुङले पनि गुरुङ समुदायमाथि राम्रो फिल्म बनेको प्रतिक्रिया दिँदै सबै समुदायका दर्शकलाई फिल्म हेर्न आग्रह गरे ।

गायक थानेश्वर गौतमलाई भने फिल्मले भावुक बनाएछ । प्रिमियरपछि सञ्चारकर्मीहरूसँग प्रतिक्रिया दिँदै उनले भने, 'यो साँचिक्कै राम्रो फिल्म बनेको छ । सबै नेपालीले एकपटक हेर्नैपर्ने फिल्म हो यो । गुरुङ समुदायको संस्कृतिलाई फिल्मले अत्यन्त सुन्दर ढंगले देखाएको छ । मलाई फिल्मले पटक-पटक भावुक बनाएर रुवायो ।'

प्रिमियरमा आकर्षणको केन्द्रविन्दू बनेकी फिल्मकी मुख्य अभिनेत्री रिश्मा गुरुङले ८ वर्षपछिको कमब्याकलाई लिएर आफू उत्साहित रहेको बताइन् । उनले 'रिमै'लाई 'कबड्डी'को रूपमा नहेर्न पनि आग्रह गरिन् । 'मैयाँ र काजीको जोडी धेरैपछि आएकाले दर्शकहरूलाई 'कबड्डी' जस्तो लागेको हुनसक्छ । तर, 'रिमै'को कथा फरक छ । त्यतातिरको कथा यता नजोड्न अनुरोध गर्छु ।'

फिल्मका निर्देशक खिलबहादुर गुरुङ आफूले विगत ३ वर्षयता रातदिन 'रिमै'बाहेक अरू केही नसुनी काम गर्दाको परिणाम प्रिमियरमा पाउँदा खुसी लागेको बताए । 'हामीले इमान्दारीताका साथ फिल्म निर्माण गरेका छौं । प्रिमियरमा मिलेको प्रतिक्रियाले हाम्रो मिहिनेत सफल भएको ठानेको छु,' निर्देशक गुरुङले भने । यो उनी निर्देशित दोस्रो फिल्म हो ।

कवि तथा निर्देशक उपेन्द्र सुब्बाको लेखन रहेको फिल्ममा दयाहाङ राई, अर्पण थापा, रिश्मा गुरुङ, गौमाया गुरुङ, कविता आले मगर, माओत्से गुरुङ, पुस्कर गुरुङ, वीरमाया गुरुङ, वीरवल घले, डिवी गुरुङ, टेक गुरुङ, बालकलाकार असिम सुब्बा, प्रेस्टु गुरुङ र प्रश्ना राना मगर लगायतको अभिनय रहेको छ । फिल्मको छायांकन शैलेन्द्र ध्वज कार्कीले गरेका हुन् ।

# अनमोलले खेल्दैछन् कृषाको 'पारस' ?

काठमाडौं/६ वर्ष अगाडि घोषणा भएको 'पारस' शीर्षकमा अब निर्देशक कृषा चौलागाइँले फिल्म बनाउँदैछिन् । निर्माता माधव वाग्ले हुँदै अभिनेता भुवन केसीसम्मले यो शीर्षकमा फिल्म बनाउने तयारी गरेका थिए । भुवनले त मोटो रकममा 'पारस'को सम्पूर्ण स्वामित्व नै लिएका थिए । तर, उनले फिल्म निर्माण गर्न सकेनन् । यो फिल्म बनेको हुन्थ्यो भने शीर्ष भूमिकामा अनमोल केसी देखिने थिए ।



भुवनले 'पारस' बनाउन नसकेपछि कृषाले गत साउनमा यो नाम चलचित्र विकास बोर्डमा दर्ता गरेर बुधबार आफ्नो जन्मदिनको अवसरमा काठमाडौंमा एक कार्यक्रमका बीच फिल्मको औपचारिक रूपमा निर्माण घोषणा गरेकी छन् । उनले कलाकारको नाम भने सार्वजनिक गरेकी छैनन् । तर, विश्वस्त स्रोतका अनुसार यस फिल्ममा अनमोल केसीले काम गर्ने सम्भावना बलियो रहेको छ ।

फिल्म 'पिताम्बर' रिलिज लगत्तै कृषाले अनमोलसँग सहकार्यको प्रस्ताव राखेकी थिइन् । बुझिए अनुसार उनले 'पिताम्बर २' वा 'जहाजैमा'मध्ये कुनै एकमा अभिनय गर्न अनमोललाई आग्रह गरेकी थिइन् । तर, उनले दुवै नकार्दै 'पारस' नाममा फिल्म बनाउन सुझाव दिएका थिए । अनमोलले नै नाम सिफारिस गरेपछि कृषाले तुरून्तै बोर्डमा फिल्म दर्ता गर्दै निर्माण इजाजत लिएकी थिइन् ।

यतिबेला 'पारस'को स्क्रिप्टमा काम भइरहेको छ । अनमोलले फिल्मको कथा मन पराइसकेकाले उनीसँग यसै महिना सम्झौताको तयारीमा निर्माण टिम रहेको बुझिएको छ । उनलाई ७० लाखमाथि पारिश्रमिकमा फिल्म खेलाउन लागिएको चर्चा पनि चलिरहेको छ । आगामी फागुनबाट छायांकन सुरू हुने यो फिल्ममा विशाल चौलागाईंको लगानी रहनेछ । यसमा सचिन लदियाको लेखन छ ।

# 'जारी २'को 'अम्लारी फूल' गीतमा प्रेम र तिक्तताको कथा

काठमाडौं/दशैंको छेको पारेर आगामी असोज ३ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'जारी २ : सङ अफ च्याब्रुङ'को पहिलो गीत 'अम्लारी फूल' सार्वजनिक गरिएको छ । अभिज्ञा घिमिरे र विकास लिम्बूको स्वर समावेश यो मर्मस्पर्शी गीतमा सुशान्त गौतमको संगीत तथा सुष्मा सिग्देलका शब्द छ । गीतको सुरुवातमा पालाम (लिम्बू समुदायको लोकगीत) पनि सुन्न सकिन्छ ।

फिल्मका मुख्य जोडी दयाहाङ राई र मिरुना मगरलाई केन्द्रमा राखिएको गीतको भिडियोमा उनीहरूबीचको प्रेम र सम्बन्धमा देखिने तिक्ततालाई दृश्यमार्फत प्रस्तुत गरिएको छ । यस फिल्ममा दयाहाङ र मिरुना श्रीमान्-श्रीमतीको भूमिकामा छन् । भिडियो हेर्दा फिल्मको मूल कथा उनीहरूको सम्बन्धमा देखिने उतार-चढावमा केन्द्रित रहेको बुझ्न सकिन्छ ।

कवि उपेन्द्र सुब्बा (उपेन्द्रबहादुर आङ्देम्बे)को निर्देशनमा बनेको यो फिल्ममा दयाहाङ र मिरुनासहित ऋचा शर्मा, विजय बराल, बुद्धि तामाङ, पुष्कर गुरुङ, प्रेम सुब्बा, माओत्से गुरुङ, कमलमणि नेपाल, अनिल सुब्बा, रेखा लिम्बु लगायतको अभिनय रहेको छ । फिल्मका निर्माताहरू रामबाबु गुरुङ, मधु मिजार र जीवन गुरुङ हुन् ।

निर्देशक सुब्बा स्वयंको लेखन रहेको फिल्ममा सञ्जय लामाको छायांकन, निमेष श्रेष्ठको सम्पादन, उत्तम न्यौपानेको साउन्ड डिजाइन, कोविद बज्राचार्यको ब्याकग्राउन्ड स्कोर र राजेन्द्र मोक्तानको रंग संयोजन छ । २ वर्षअघि 'जारी'ले उत्कृष्ट प्रतिक्रिया प्राप्त गर्दै बक्स अफिसमा सानदार कमाइ गरेकाले यसको सिक्वेल पनि सफल हुने अपेक्षा गरिएको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

बागमतीका वनमन्त्री केसीको ३७ बुँदे प्रतिबद्धतापत्र सार्वजनिक


# जलाधार व्यवस्थापन र जैविकविविधता संरक्षण प्राथमिकतामा

साझाकुरा संवाददाता

हेटौंडा, १९ भदौ/ बागमती प्रदेशका वन तथा वातावरण मन्त्री भरतबहादुर केसीले आफ्नो प्रतिबद्धतापत्र सार्वजनिक गरेका छन् ।

बिहिबार मन्त्रालयमा पत्रकार सम्मेलन गर्दै मन्त्री केसीले ३७ बुँदामा प्रतिबद्धतापत्र सार्वजनिक गरेका हुन् । एकीकृत जलाधार व्यवस्थापन र जैविक विविधताको संरक्षणलाई प्राथमिकता दिँदै पारदर्शी, जनमुखी र सम्मानजनक सेवा प्रवाहमार्फत समृद्ध प्रदेश निर्माण गर्न प्रतिबद्धतापत्र सार्वजनिक गरिएको मन्त्री केसीले बताए । मन्त्री केसीको प्रतिबद्धतापत्रमा वन डढेलो नियन्त्रणको लागि अग्निरेखा निर्माणदेखि स्वदेशी काठको प्रयोगसम्मका विषय उल्लेख गरिएको छ । पत्रकार सम्मेलनमा मन्त्री केसीले वन अपराध नियन्त्रणका लागि समुदाय तथा सुरक्षा निकायसँगको समन्वयमा आधुनिक प्रविधिको अधिकतम प्रयोगमार्फत् वन, वनस्पति र वन्यजन्तु संरक्षणका कार्यलाई प्रभावकारी बनाइने बताए ।

'निजी जग्गा र राष्ट्रिय वनक्षेत्रबीच प्रष्ट छुटिने सीमाङ्कन गरी वनक्षेत्रको सुरक्षाको प्रबन्ध गरिनेछ' उनले भने । मन्त्री केसीले वनको अतिक्रमित क्षेत्रलाई समुदाय तथा तीनै तहको सरकारको समन्वयमा अतिक्रमण हटाई वन कायम गरिने प्रतिबद्धता व्यक्त गरे । क्वीक रेष्पोन्स टिम गठन गरी वनडढेली नियन्त्रण गरिने उनको प्रतिबद्धतापत्रमा उल्लेख गरिएको छ । 'वनक्षेत्रमा रहेका ज्वलनशीलपदार्थ हटाई यसबाट कम्पोष्ट मल बनाइनेछ' उनले बताए । उनले दुर्लभ, लोपोन्मुख र संरक्षित वनस्पतिको स्वस्थानीय र परस्थानीय संरक्षण र व्यवस्थापन गरिने बताए ।



संरक्षित वन क्षेत्रको समुदायमैत्री व्यवस्थापनको लागि संघ र स्थानीय तहसँग समन्वयकारी भूमिका खेल्ने पनि उनले प्रतिबद्धता व्यक्त गरे । दिगो वन व्यवस्थापन कार्यविधि २०७९ लाई समयानुकुल संशोधन गरी वनक्षेत्रलाई आयआर्जन र रोजगारको क्षेत्रसँग जोडिने उनले बताए । 'वृक्षरोपण गर्दा बहुउपयोगी र स्थानीय प्रजाति प्रवर्द्धनमा जोड दिइनेछ' उनले भने, 'बहुउपयोगी विरुवा लगाई हुर्किएका विरुवा संख्याको आधारमा अनुदान दिने परिपाटी विकास गरिनेछ ।'

मन्त्री केसीले सरकारी संरचना र प्रदेश सरकारको अनुदानबाट निर्माण गरिने भवनहरुमा स्वदेशी काठको प्रयोगलाई अनिवार्य गरिने बताए । 'प्रदेशका सबै जिल्लामा जिल्ला वनपैदावार आपूर्ति समितिको गठन तथा सञ्चालन गरिनेछ' उनले भने । भौगोलिक र वातावरणीय विविधताअनुसार उपयुक्त प्रजातिको व्यवसायिक खेतीलाई प्रोत्साहन तथा प्रशोधन गरेर बिक्री वितरण र निर्यात सहज बनाईने मन्त्री केसीको प्रतिबद्धतामा उल्लेख गरिएको छ । मन्त्री केसीले भु तथा जलाधार व्यवस्थापन कार्यमा स्थानीय स्रोतको प्रयोग, कम खर्चिलो प्रविधि र बायो इन्जिनियरिङ प्रणालीलाई प्राथमिकता दिइने उल्लेख छ ।

समुदायको सहभागितामा नदी प्रणालीमा आधारित एकीकृत जलाधार व्यवस्थापन कार्यक्रमलाई प्राथमिकता दिने उनले उल्लेख गरे । 'उपल्लो र तल्लो तटीयक्षेत्रको अन्तरसम्बन्धलाई मजबुत बनाई जलाधारको स्वच्छता र उत्थानशील क्षमता बढाइनेछ' उनले बताए । तीनै तहका सरकारको पहलमा बाढी, पहिरो, भुकम्प जस्ता प्राकृतिक प्रकोपबाट बच्न पूर्वसूचना प्रणाली जडान गर्ने कामको थालनी गरिने उनले बताए । मन्त्री केसीले वनक्षेत्रमा भ्रष्ट्राचार शुन्यसहनशीलता र कार्यक्षेत्रमा हुने यौनजन्यहिंसा तथा सामाजिक विभेदमा शुन्यसहनशीलताको नीति अवलम्बन गरिने बताए ।

प्रदेश राष्ट्रिय वन ऐन र वातावरण संरक्षण ऐनलाई समयानुकुल संशोधन गरी विधेयक तयार गरिने उनले प्रतिबद्धता व्यक्त गरे । 'ऐन कार्यान्वयनको लागि नियमावलीहरु जारी गर्नको लागि आवश्यक पहलकदमी लिइनेछ' मन्त्री केसीले भने, 'प्रदेशको वातावरण नीतिको निर्माण गरी कार्यान्वयन गरिनेछ ।' उनका अनुसार विगतमा सुरु भएको छोरोल्पा संवादलाई निरन्तरता दिइनेछ । यसैगरी प्रतिबद्धता पत्रमा नेपाल सरकारले घोषणा गरेको कृषिका लागि हानिकारक वन्यजन्तु रातो बाँदर लगायत वन्यजन्तुको नियन्त्रण र व्यवस्थापनका उपाय खोज्न मन्त्रालयस्तरमा कार्यदल गठन गरिने उल्लेख गरिएको छ ।

वातावरण संरक्षण तथा अनुगमन कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि डिभिजन स्तरका वातावरण संरक्षण तथा व्यवस्थापन कार्यालयको स्थापना एवम् विस्तार गरिने उनले बताए । प्रदेशको १ सय १९ वटै स्थानीय तहमा वन, वातावरण, वनजन्य उद्यम प्रवर्द्धन र विपद् जोखिम न्यूनीकरण शाखा स्थापना र सञ्चालनमा सहजीकरण गर्ने उनले बताए । मन्त्री केसी श्रावण २० गते बागमती प्रदेशको वन तथा वातावरण मन्त्री नियुक्त भएका हुन् ।

बागमती प्रदेश सरकारले ३ दिन संविधान दिवस मनाउने

# व्यवस्थाप्रति भरोसा जगाउँदै संविधान संशोधन गर्नुपर्छः मुख्यमन्त्री बानियाँ



साझाकुरा संवाददाता

हेटौंडा, १९ भदौ/ बागमती प्रदेश सरकारले तीनदिन संविधान दिवस मनाउने भएको छ । बिहिबार हेटौंडामा बसेको संविधान दिवस तथा राष्ट्रिय दिवस २०८२ को प्रदेशस्तरीय मूल समारोह समिति गठन तथा कार्यक्रम व्यवस्थापन सम्बन्धी बैठकमा मुख्यमन्त्री इन्द्र बहादुर बानियाँले असोज १, २ र ३ गते संविधान दिवस मनाउने जानकारी दिएका छन् ।

संविधान दिवसलाई सबैले आआफ्नो क्षेत्रबाट उत्सवको रुपमा मनाउन उनले आग्रह गरे । मुख्यमन्त्री बानियाँले अहिलेको व्यवस्थाप्रति जनतालाई भरोसा जगाउँदै संविधान संशोधन गर्नुपर्ने बताए । संविधानलाई अझै व्यवस्थित र मर्यादित बनाउन केही प्रावधानलाई संशोधन गर्नुपर्ने उनको भनाई छ । मुख्यमन्त्री बानियाँले २०७२ सालमा जारी भएको संविधानले सबैको महत्व र अस्तित्वलाई स्वीकार गरेको बताएका छन् ।

जनताको जनबलमा आएको संविधानको रक्षा गर्ने जिम्मेवारी सबैको भएको उनले बताए । बैठकले संविधान दिवस मनाउन मुख्यमन्त्री बानियाँको अध्यक्षतामा ४३ सदस्यीय प्रदेशस्तरीय मुल समारोह समिति गठन गरेको छ । संविधान दिवसको अवसरमा सामाजिक विकास मन्त्रालयको संयोजनमा असोज १ गते 'संविधान: सबल राष्ट्रको निर्माणको आधार' विषयक विद्यालयस्तरीय निबन्ध प्रतियोगिता र सोही दिन युवा तथा खेलकुद मन्त्रालय र खेलकुद परिषद्को आयोजनामा खेलकुद प्रतियोगिता हुनेछ । असोज २ गते स्वास्थ्य मन्त्रालयको संयोजनमा रक्तदान र वन तथा वातावरण मन्त्रालयको संयोजनमा वृक्षरोपण हुनेछ ।

दिवसको मुख्यदिन असोज ३ गते हेटौंडा नगरक्षेत्रको विशेष सरसफाईको व्यवस्थापन गरिनेछ । सोही दिन हेटौंडाको भुटनदेवी माविबाट मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयसम्म प्रभातफेरी गरी प्रदेशप्रमुखको प्रमुख आतिथ्यता र सभामुखको विशेष आतिथ्यतामा औपचारिक कार्यक्रम गरिने भएको छ । त्यसैगरी असोज २, ३ र ४ गते साँझ प्रदेश स्थित सबै मन्त्रालय, कार्यालय, सामुदायिक संघसंस्था, शैक्षिक प्रतिष्ठानलाई दीपावली गर्न र प्रदेशबासीलाई पनि घरपरिसरमा दीपावली गर्न आह्वान गरिएको छ ।

# न्वागी पर्वमा बागमतीको ३ जिल्लामा सार्वजनिक बिदा

साझाकुरा संवाददाता

हेटौंडा, १९ भदौ/चेपाङ जातिको महत्वपूर्ण पर्व न्वागी पर्वको अवसरमा भदौ २२ गते बागमती प्रदेशका ३ जिल्लामा सार्वजनिक बिदा दिइएको छ । बागमती प्रदेश सरकारले चेपाङ समुदायको पर्व न्वागी (छोनाम) को अवसरमा प्रदेशका तीन जिल्लामा सार्वजनिक बिदा दिने निर्णय गरेको हो ।

बिहीबार आन्तरिक मामिला तथा कानुन मन्त्रालयले सूचना जारी गर्दै भदौ २२ गते आइतबार चितवन, मकवानपुर र धादिङ जिल्लामा सार्वजनिक बिदा दिइएको जनाएको हो । बागमती प्रदेश सरकारको गत चैतमा बसेको मन्त्रिपरिषद् बैठकले चेपाङ समुदायको न्वागी पर्वको बिदा दिने निर्णय गरेको थियो । मन्त्रालयकी सहप्रवक्ता र विता कार्कीका अनुसार बागमती प्रदेश राजपत्रको खण्ड ८, संख्या ३२, भाग ३ मा २०८१ चैत २१ गते प्रकाशित सूचनाबमोजिम यो बिदा दिने निर्णय गरिएको हो ।

चेपाङ समुदायको बाक्लो बसोबास रहेका तीन जिल्लामा न्वागी पर्वको अवसरमा बिदा दिइएको उनले बताइन् । न्वागी पर्वमा चेपाङ समुदायले नयाँ अन्नबाली र फलफूल प्रकृति, देवपितृलाई चढाएर मात्र खाने प्रचलनसँग सम्बन्धित छ । चेपाङ समुदायले खेतबारीमा गरेको नयाँ उब्जनी पितृहरुलाई नचढाई खाएमा अनिष्ट हुन्छ भन्ने धार्मिक विश्वास रहेको छ ।

# कैलाशलाई सरसफाई सामग्री सहयोग

साझाकुरा संवाददाता

हेटौंडा, १९ भदौ/ मकवानपुरको कैलाश गाउँपालिकालाई सरसफाई तथा स्वच्छता सामग्री हस्तान्तरण गरिएको छ । स्वास्थ्य र शिक्षा क्षेत्रमा काम गर्दै आएको बाल विकास कार्यक्रम नेपालले गाउँपालिकालाई सामग्री हस्तान्तरण गरेको हो ।



विहीबार गाउँपालिका अध्यक्ष लोकबहादुर मुक्तानलाई संस्थाका कार्यक्रम संयोजक दिलबहादुर गोलले सामग्री हस्तान्तरण गरेका हुन् । सामग्री प्राप्त गरेसँगै गाउँपालिका अध्यक्ष मुक्तानले धन्यवाद व्यक्त गर्दै सामग्री वडातहमा रहेका वडा कार्यालय, स्वास्थ्यसंस्था, विद्यालयमा पठाइने प्रतिवद्धता व्यक्त गरेका छन् । संस्थाले ट्वाईलेट सफा गर्ने ब्रस ८५ थान, हार्पिक (५ लिटर) ३० ग्यालिन, फिनेल (५ लिटर) ३१ ग्यालिन, ट्वाईलेटमा प्रयोग हुने कपुर ३९ किलो, डस्टविन सानो एक सयथान, डस्टविन सय लिटरको १० थान, डस्टविन ८० लिटरको १० थान, डस्टविन ७० लिटरको २२ थान प्रदान गरेको संस्थाका कार्यक्रम संयोजक गोलेले बताए ।

हस्तान्तरण कार्यमा अध्यक्ष मुक्तान, प्रमुख प्रशासकीय अधिकृत रामप्रसाद शर्मा कंडेल, प्रशासनप्रमुख रामचन्द्र शिवाकोटी, जिन्सी शाखाप्रमुख लक्ष्मण खतिवडा, स्वास्थ्य शाखाका अहेव नागेन्द्रकुमार यादव, संस्थाका कार्यक्रमसंयोजक गोलेलगायतको उपस्थिति रहेको थियो ।

# दसैंअघि बक्यौता भुक्तानी गर्ने सहमति, दुग्धकिसानको आन्दोलन स्थगित



साझाकुरा संवाददाता

हेटौंडा, १९ भदौ/दुग्ध उत्पादक किसानको बक्यौता रकम दसैंअघि भुक्तानी गर्ने सहमति भएसँगै दुग्ध किसानको आन्दोलन स्थगित भएको छ ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सहसचिव पशुपति ढुंगाना र केन्द्रीय दुग्ध सहकारी संघ, डेरी उद्योग संघ, नेपाल डेरी एसोसियसनका पदाधिकारीबीच ६ बुँदे सहमति भएसँगै हाललाई आन्दोलका कार्यक्रम स्थगित भएको हो ।

दुग्ध उत्पादक कृषकलाई २०८२ असार मसान्तसम्मको भुक्तानी गर्न बाँकी रहेको रकम २०८२ असोज ५ गतेभित्र भुक्तानी गर्ने सहमति भएको छ । त्यस्तै साउन मसान्तसम्मको भुक्तानी गर्न बाँकी रकम २०८२ असोज ३० गतेभित्र, भदौ मसान्तसम्मको भुक्तानी गर्न बाँकी रकम कात्तिक मसान्तसम्म भुक्तानी गर्ने सहमति भएको छ ।

त्यसपछि भुक्तानी गर्न बाँकी रकम नियमितरुपमा भुक्तानी गर्दै जाने सहमति भएको छ । दूधको बक्यौता तिर्न भन्दै दुग्ध विकास संसथान (डिडिसि) ले २०७८ देखि हालसम्म अर्थ मन्त्रालयसँग पटकपटक गरी १ अर्ब २५ करोड ऋण लिएको छ । तर, सुक्खा सिजनमै किसानको बक्यौता बाँकी छ ।

डिडिसीले मात्र दुग्ध किसानलाई तिर्नुपर्ने बक्यौता रकम झन्डै एक अर्ब रुपैयाँ रहेको बताइएको छ । दुग्ध किसानले सर कारी र निजी गरी विभिन्न दुग्ध उद्योगसँग झन्डै ३ अर्ब रुपैयाँ भुक्तानी पाउन बाँकी रहेको छ । तर, किसानलाई पैसा दिन बेवास्ता गर्दै डिडिसीले पोखरामा जग्गा किन्न खोजी गरिरहेको बुझिएको छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
☞ इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल
सम्पर्क नं.: ०५७-५९०३३३

## जनस्वास्थ्य कार्यालय, मकवानपुरद्वारा

## जनहितमा जारी सन्देश !

मकवानपुर जिल्लाको छिमेकी जिल्लाहरु चितवन र सिन्धुली जिल्लामा जापानिज इन्सेफलाईटिस रोगहरु देखिएको र मकवानपुर जिल्लाभित्र लामखुट्टेको टोकाइबाट हुने डेंगी, मलेरिया कालाजार जस्ता किटजन्य रोगको बिरामीहरु दिन प्रतिदिन बढ्दो रुपमा देखापरि रहेकोमा जापानिज इन्सेफलाईटिस लगायत अन्य किटजन्य रोगको महामारी हुनबाट बच्न र बचाउन लामखुट्टेको टोकाईबाट बच्नु नै मुख्य उपाय भएको हुदा लामखुट्टेको टोकाई बाट बच्ने सबै उपायहरु जस्तै झुल प्रयोग गरेर सुत्ने, घर बाहिर जाँदा लामो बाहुला भएको लुगा लगाउने, लामखुट्टे धपाउने मलम लगाउने, घरभित्र लामखुट्टे धपाउने धुप वा स्प्रे प्रयोग गर्ने, लामखुट्टे नियन्त्रण गर्न घर वरपर झाडी तथा फोहर हटाउने, पानी भण्डारण गर्ने भाडाहरू छोपेर राख्ने तथा जापानिज इन्सेफलाईटिस रोग विरुद्ध नेपाल सरकारबाट संचालन हुने नियमित खोप लगाउन हुन् समेत अपिल गरिन्छ। याद गर्नुहोस जापनिज इन्सेफलाईटिस रोगका सामान्य लक्षणहरु ज्वरो आउनु, टाउको दुख्नु वाकवाकी लाग्नु वा नन्ता हुनु र कमजोरी महसुस हुनु हो भने गम्भीर लक्षणहरु उच्च ज्वरो आउनु, टाउको बेस्सरी दुख्नु, शरीरमा कम्पन हुनु, अर्धचेत वा बेहोस हुनु, शारीरिक कमजोरी वा पक्षघात हुनु, कोमा मा जानु समेत हुन सक्छ त्यसैले सामान्य वा गम्भीर लक्षण देखिना साथ् नजिकैको स्वास्थ्य संस्था, पालिकाको स्वास्थ्य शाखा जनस्वास्थ्य कार्यालय, स्वास्थ्यकर्मी वा महिला स्वास्थ्य स्वयमसेविका संग सम्पर्क राखौं ।

**जनस्वास्थ्य कार्यालय, मकवानपुर**

श्री मालपोत कार्यालय मकवानपुरबाट मिति: २०८२/०५/१८ मा जारी भएको छुट जग्गा दर्ता तथा दा.खा.को

## हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

*निवेदक- खरिदकर्ता नारायण प्रसाद शर्मा देवकोटा (लिने)* *जग्गावाला-बिक्रीकर्ता रिषी प्रसाद फुयाल (दिने)*

यसमा जिल्ला मकवानपुर साविक हटिया गाविस वडा नं. ८ बस्ने ऋषि प्रसाद फैलको नाममा सर्वे नाप नक्सा भएको जिल्ला मकवानपुर साबुक हटिया गाविस वडा नं. ८ का कि.नं. ५८९ को क्षेत्रफल ज.वि. ०-७-१६ जग्गा रिषी प्रसाद फुयालको नामबाट र.न. ९३७ मिति २०४०/०९/२० को पारित राजिनामा लिखत बमोजिम डिल्ली राम को नाती योगहरी शर्मा देवकोटाको छोरा नारायण प्रसाद शर्मा देवकोटाले खरिद गरी लिएकोमा सो पारित लिखत बमोजिमको ७५ नं पावस मौजेको रै.नं. १०७ को रैति रीषि प्रसाद फुयालबाट रा.पा. भई नारायण प्रसाद शर्मा देवकोटाको नाममा साविक भोग लगत कायम भएकोमा उल्लेखित जग्गाको खरिदकर्ताले खरिद गरे पशचात हालसम्म निरन्तर हकभोग गर्दै आएकोले निज खरिदकर्ता निवेदक नारायण प्रसाद शर्मा देवकोटाको नाममा एक्लौटी छुट जग्गा दर्ता दा.खा. गरी पाउँ भनि बकैया गाउँपालिका वडा नं. ५ को च.नं. १५२५ मिति २०८२/०३/२२ को छुट जग्गा दर्ता सम्बन्धी सिफारिस पत्र, च.नं. १५०१ मिति २०८२/०३/२९ को हकभोग खुलेको सिफारस पत्र, वडा सर्जमिन मुचुल्का, नाता प्रमाणित प्रमाण पत्र, मृत्यु दर्ता प्रमाणपत्र, नागरिकता प्रमाणपत्र, साविक भोग लगत, फिल्डबुक उतार, पारित राजिनामा लिखत तथा नक्सा समेत संलग्न राखी मागदावी निवेदन पेश हुन आएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अत: तल उल्लेखित तपशिलका जग्गा निवेदकको माग दावी बमोजिम निवेदकको नाममा छुट जग्गा दर्ता, दा.खा. गरिदिदा अन्य कोही कसैको हक, अधिकार तथा स्वामित्वमा प्रतिकुल असर पर्ने भएमा वा निवेदकको नाममा दर्ता, गर्न नमिल्ने भएमा वा निवेदकका माग दावी सत्य नभई झुठा भए वा निवेदक भन्दा बाहेक अन्य कोही हकदारहरु भए वा निवेदक बाहेक अरु कसैको हकभोग भएको भए वा साँध सधियार तथा सरोकारित व्यक्तिहरुको स्वमित्व लगायतमा प्रतिकुल असर/फरक पर्छ भने वा सरकारी, सार्वजनिक जग्गाहरु, वन जंगल, नदि खहरे, भू-संरक्षणका क्षेत्रहरु घुसेको भए वा धार्मिक तथा पुरातात्विक संरचनाहरुलाई असर पर्ने भए यो सूचना प्रकासित/जारी भएको मितिले पैंतीस दिन भित्र मालपोत कार्यालय मकवानपुरमा स-प्रमाण दाबी-उजुरी गर्न आउनुहोला। अन्यथा निवेदकहरुको माग बमोजिम भई जानेछ। पछि कुनै उजुरबाजुर लाग्ने छैन ।

**तपशिल**

| सि. नं. | फिल्डबुकको व्यहोरा | | | | | | साविक लगतको विवरण |
|---|---|---|---|---|---|---|---|
| | जग्गावाला | साविक गा.वि.स./नपा | वडा नं. | कित्ता नं. | क्षेत्रफल ज.वि. | कैफियत/ निवेदक | |
| १ | ऋषि प्रसाद फैल गा.पं. हटिया वडा नं. ८ बुवा-चिरंजिवी बाजे-कृष्णदत्त | हटिया | ८ | ५८९ | ०-७-१६ | नारायण प्रसाद शर्मा देवकोटा | जिल्ला मकवानपुर फापरबारी, ७५ नं. मौजे- पावस, रै.नं. १०७ को रैती रिषी प्रसाद फुयालबाट रा.पा. भई नारायण प्रसाद शर्मा देवकोटाको नाममा कायम भएको । |

*ईति संवत २०८२ साल भाद्र महिनाको १८ गते रोज ४ शुभम्.................।*

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना